मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३४५ ● २०८० साल कार्तिक १५ गते बुधबार ● Wednesday 01, November 2023 ● सूर्योदय: बिहान ६:१४ बजे ● सूर्यास्त: साँझ ५:२३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### मधेश प्रदेशः लाचार सरकार

## आधा दर्जन दल मिल्दा पनि 'पुगेन पावर'

*'एक महिनासम्म कुनै कर्मचारी नभएकै कारण मन्त्रीजी पनि कार्यालयमा बस्न मान्नु भएन । अहिले आएर एक जना निमित्त सचिव त आए तर, उनले मात्रै के काम गर्ने ?' ती अधिकारीले थपे, 'बरु कुनै नगरपालिकाको वडा कार्यालयमा चारपाँच जना कर्मचारी हुन्छन् । तर, यहाँ एउटा मन्त्रालयमा एक जना कर्मचारी भन्न पनि लाज लाग्छ ।'*

**सुरेश यादव**
**जनकपुरधाम ।**
मधेशका अधिकांस स्थानीय तहसँग वडा संख्याको अनुपातमा वडा सचिव उपलब्ध छैन । यस्तो अवस्थामा एउटै वडा सचिवलाई अन्य वडाको पनि काम हेर्नेगरी अतिरिक्त जिम्मेवारी थपेर जेनतेन काम चलाइरहेको धेरैजसो पालिकामा देख्न सकिन्छ । केही पालिकामा स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई समेत तत्कालका लागि भनेर वडा सचिवको भूमिकामा परिचालन गरिएको छ । कानुन अभावका कारण स्थानीय तहले आफ्नै कर्मचारी भर्ना गर्न नपाउँदा यस्ता समस्या सामान्य भएको छ । यहाँ, प्रदेश सरकारको अवस्था पनि उस्तै देखिन थाल्यो । प्रदेश सरकारले भने अस्वभाविक समस्याको सामना गर्नुपरिरहेको छ ।

एक सय सात जना प्रदेश सांसद रहेको मधेश प्रदेशसभामा कुनै पनि एक वा दुई दलले मात्रै मिलेर सरकार बनाउन सक्ने अवस्था छैन । प्रदेश सांसदको संख्याको आधारलाई विश्लेषण गर्ने हो भने सबैभन्दा ठूलो दल नेकपा एमाले र सोही हाराहारीमा नेपाली कांग्रेसको हैसियत छ । तर, यी दुवै दलले सरकारको नेतृत्व गर्ने अवसर पाउन सकेका छैनन् । प्रदेशसभामा २३ सिट भएको एमाले प्रतिपक्षी दलको भूमिकामा छ भने २२ सिट भएको कांग्रेस १८ सिट भएको तेस्रो दल जसपालाई सरकारको नेतृत्व गर्न वैशाखीको भूमिकामा प्रस्तुत भइरहेको छ । जनता समाजवादी पार्टी (जसपा) ले अन्य पाँचवटा दलहरु नेपाली कांग्रेस, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, एकीकृत समाजवादी पार्टी र माओवादी केन्द्रको सहयोगमा सरकार हाँकिरहेको अवस्था छ । प्रदेशसभामा उपस्थिति रहेका दलहरुमध्ये एमाले बाहेक सबै प्रमुख दलको साथ पाएपनि जसपालाई ढुक्क भएर सरकार चलाउन सहज नरहेको कयौँ आधारहरुले पुष्टि गरिरहेका छन् ।



स्वतन्त्र जितेर जसपा प्रवेश गरेकी सांसद सुरिता साहलाई मन्त्री पदमा व्यवस्थापन गर्नु पर्ने मुख्यमन्त्रीको बाध्यता थियो । संसदीय निर्वाचनमा जसपा अध्यक्ष उपेन्द्र यादवलाई सप्तरीमा जनमतका अध्यक्ष चन्द्रकिशोर (सिके) राउतले पराजित गरे । चुनाव अगावै यादवले उम्मेदवारी दिने क्षेत्रमै आफू पनि उम्मेदवार हुने घोषणा गरेका राउतसँग जसपा चिढिएको थियो । चुनावमा पनि हार व्यहोरेपछि राउतप्रति यादवको रिस झन् बढेको अवस्थामा चुनावलगत्तै जसपाले प्रदेशमा नेतृत्व हात पार्न जनमतकै सहयोग लिनुपर्ने भयो । सरकारमा दुवै पार्टीको सहभागिता रहे पनि भावनात्मक रुपमा दूरी कायमै देखिन्छ विभिन्न गतिविधिले । खासगरी सुरुमा दुई वटा मन्त्रालय दिएकोमा जनमतसँग राम्रो भनिएकै मन्त्रालय (भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय) जसपाले खोसिदिएपछि जनमतलाई सरकारमा कायम रहने कि छाड्ने निर्णय लिन अप्ठेरो परेको थियो । अहिले कार्य क्षेत्र सानै भए पनि श्रम तथा यातायात मन्त्रालय थपेर जनमतको चित्त बुझाउने प्रयास भइरहेकै बेला पुनः जनमतकै नेतृत्वमा रहेको अर्को मन्त्रालय (शिक्षा तथा समाज कल्याण मन्त्रालय) टुक्र्याइदिएपछि दुई पार्टीबीच तिक्तता देखिन थालेको छ ।

जनमतका प्रदेश संसदीय दलका नेता समेत रहेका महेश यादवले सम्हालेको शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाएर जसपाकी सुरिता साहका लागि खेलकुद तथा समाज कल्याण मन्त्रालय कायम गरिएको छ । मन्त्रालय कायम गरेको करिब एक महिना पुगिसक्दा पनि अहिलेसम्म कर्मचारी पठाइएको छैन । यो समाचार तयार गरिरहँदा जसपाकी साह मन्त्री रहेको मन्त्रालयमा जम्मा एक जना कर्मचारी छन् । त्यो पनि जनमत नेतृत्वको मन्त्रालयकै मातहत रहेको शिक्षा निर्देशनालयका निर्देशक चुरामणि फुयाँल । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले फुयाँललाई अतिरिक्त जिम्मेवारीको रुपमा खेलकुद तथा समाज कल्याण मन्त्रालयको सचिवको रुपमा पठाएको हो । आइतबार पहिलो पटक मन्त्रालय पुगेका फुयाँलले मन्त्रालयको रुपमा कामकाज अघि बढाउन आवश्यक कर्मचारी तथा बजेटका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र लेखेको बताए । उनका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कर्मचारी पठाइदिन शिक्षा तथा संस्कृति मन्त्रालयलाई पत्र लेखेको छ तर, त्यहाँबाट तत्कालै कर्मचारी आइहाल्ने भरोसा उनलाई पनि छैन ।

मन्त्री यादवले आफ्नो मन्त्रालय विभाजित भएको स्वीकार्नै चाहेका छैनन् । त्यसैले उनले अहिलेसम्म मन्त्रालयको साइनबोर्ड समेत फेरेका छैनन् । मधेश भवन परिसरमा अहिले नाम जुधिने दुई मन्त्रालय देख्न सकिन्छः शिक्षा तथा समाज कल्याण मन्त्रालय र खेलकुद तथा समाज कल्याण मन्त्रालय । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले शिक्षा तथा संस्कृति मन्त्रालय भनेर तोकिदिए पनि यादवले त्यो निर्णय स्वीकार नरहेको प्रतिक्रिया दिँदै आएका छन् । उनले अहिलेसम्म वेबसाइटको नाम पनि संशोधन गर्न नदिएको मन्त्रालयका एक कर्मचारीले जानकारी दिए ।

खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी पाएकी मन्त्री साहले भने जनमत सरकारमा आएदेखि सम्हालेकै मन्त्रालय अहिले पनि कायम रहेको जिकिर गरेकी छिन् । 'जनमत सुरुमा सरकारमा आउँदा शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय थियो । अहिले पनि त्यहीँ मन्त्रालय कायम छ,' मन्त्री साहले भनिन्, 'यो बीचमा ११ वटा मन्त्रालयलाई गाभेर १० वटा कायम गर्दा खेलकुद र समाज कल्याण गएकोमा फेरि अलग गरिएको मात्र हो ।' मन्त्री साहले शिक्षा तथा संस्कृति मन्त्रालयका सचिवको हठका कारण आफ्नो मन्त्रालयमा चाहिने कर्मचारी आउन ढिलाई भइरहेको गुनासो गरिन् । सचिव लक्ष्मी प्रसाद भट्टराईले अधिकार क्षेत्रभन्दा बाहिर गएर अनावश्यक हस्तक्षेप गर्दा खेलकुद तथा समाज कल्याण मन्त्रालयमा कर्मचारी आउन नसकेको भनाई मन्त्री साहको हो ।

जनमत पार्टी बाहिरिँदा सरकार टिकाइराख्न सहज नदेखिएको हुँदा मुख्यमन्त्री सरोज कुमार यादवले 'एक्सन' लिन नसकेको सरकारकै एक जना मन्त्रीले नाम उल्लेख नगर्ने शर्तमा प्रतिक्रिया दिए । 'जनमतसँग न पहिले कुरा मिलेको थियो न अहिले मिलेको छ,' ती मन्त्रीले मधेशदृष्टिसँग भने, 'टिक्नकै लागि सरकार लाचार बनेको छ । अर्को विकल्प पनि त छैन ।'

जसपाले मन्त्रालय विभाजन गरेपछि चिढिएको जनमतले सहयोग नगर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नयाँ मन्त्रालय कायम गरेपनि मन्त्रालयकै रुपमा सञ्चालन गर्न सकिरहेको छैन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक अधिकारीले भने, 'एक महिनासम्म कुनै कर्मचारी नभएकै कारण मन्त्रीजी पनि कार्यालयमा बस्न मान्नु भएन । अहिले आएर एक जना निमित्त सचिव त आए तर, उनले मात्रै के काम गर्ने ?' ती अधिकारीले थपे, 'बरु कुनै नगरपालिकाको वडा कार्यालयमा चारपाँच जना कर्मचारी हुन्छन् । तर, यहाँ एउटा मन्त्रालयमा एक जना कर्मचारी भन्न पनि लाज लाग्छ ।'

## जनकपुरधाममा अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन हुने
### प्रधानमन्त्री प्रचण्डले उद्घाटन गर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा यही कात्तिक २२ गतेबदेखि तीन दिवसीय अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन हुने भएको छ । यस अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनमा विश्वका २५ राष्ट्रका आयुर्वेदका विज्ञ, चिकित्सकहरुको सहभागिता रहने जनाइएको छ ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ स्थित महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजना हुने यस सम्मेलनको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गर्ने ब्रह्मभुमी हेल्थ रिसर्च सेन्टरका प्रतिनिधि, सम्मेलन आयोजक तथा व्यवस्थापनसमेत रहेका संयोजक डा। राकेशकुमार सिंहले जानकारी दिए ।

ब्रह्मभूमि रिसर्च सेन्टर नेपाल, नेपाल आरोग्य सङ्गठन तथा ब्रह्मभूमि आर्युविज्ञान अनुसन्धान संस्थानको आयोजनामा हुने अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनमा अमेरिका, रुस, जापान, रसिया, युक्रेन, इजरायल, भारत, भुटान, बङ्गलादेश, श्रीलङ्का, अष्ट्रेलिया, जर्मनीसहितका अधिकांश युरोपेली राष्ट्रहरूको सहभागिता रहने आयोजक एवं सम्मेलनका संयोजक डा। सिंहले बताए ।

माता जानकीको हजुरबुबा निमी आयुर्वेदका आँखा, कान र घाँटीका विशेषज्ञ भएको कारणले आयुर्वेदमा निमीतन्त्रको ठुलो महत्त्व भएको कारणले जनकपुरधाममा अन्तर्राष्ट्रिय सम्मेलन पहिलो पटक जनकपुरधाममा गर्न लागेको उनले बताए ।

तीन दिनसम्म चल्ने यस अन्तर्राष्ट्रिय सम्मेलनमा आयुर्वेदका विषयमा विभिन्न कार्यपत्रहरू प्रस्तुत गरिने छ । यस सम्मेलनमा आयुर्वेदको वर्तमान अवस्था, भावी रणनीति, नेपालको जडीबुटी, वन, खनिज तथा वन्यजन्तुसहितका विषयमा छलफलका साथै सम्भाव्यताका विषयमा बृहत् छलफल र परामर्श हुने जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले बताए ।

## स्वर्णकारको दाहसंस्कार
## बजार बन्द, विद्यालय ठप्प



**मधेशदृष्टि**
**वीरगंज ।**
सोमबार दिउँसो गोली प्रहारबाट मृत्यु भएका बारा, कलैयास्थित बाल एकता बोर्डिङ स्कुलका प्रिन्सिपल रुपेश स्वर्णकारको मङ्गलबार हिन्दू परम्पराअनुसार दाहसंस्कार गरिएको छ । पसाहा खोलामा अन्तिम संस्कार गरिएको हो ।

यसअघि एन प्याब्सनका पदाधिकारीले संस्थाको झन्डा ओढाई श्रद्धाञ्जली अर्पण गरेका थिए । स्वणृकारका पत्नी र दुई छोरा छन् । उनलाई श्रद्धाञ्जली अर्पण गर्न ठूलो संख्यामा शुभचिन्तक कलैया उपमहानगरपालिका वडा नम्बर ६ स्थित निवास पुगेका थिए । उपमहानगरपालिकाभित्रका शिक्षक तथा पेशागत विभिन्न सङ्घसङ्गठनहरुले घटनाको निन्दा गर्दै शोक मनाउने निर्णय गरे । यस्तै, बारा उद्योग वाणिज्य सङ्घले पनि विज्ञप्ति जारी गर्दै हत्याको विरोधमा बजार बन्द गर्न आह्वान गरेको थियो । सङ्घका अध्यक्ष राजकुमार साहद्वारा जारी विज्ञप्तिमा मङ्गलवार साँझसम्म बजार बन्द गरी सहयोग गर्न उद्योगी तथा व्यापारीसँग अपिल गरिएकाले बजार पूर्णरूपमा बन्द रह्यो ।

यसैगरी, स्वर्णकारको हत्याको विरोधमा प्याब्सन पर्साले मंगलबार विद्यालय बन्द गरेको छ । विद्यालयका प्रधानाध्यापकमाथि दिनदहाडै गोली प्रहार गरी भएको हत्या विरोधमा प्याब्सन अन्तर्गतका सम्पूर्ण विद्यालय बन्द गरिएको जारी विज्ञप्तिमा उल्लेख छ । घटनाले शिक्षक तथा विद्यार्थी असुरक्षित महसुस गरिरहेको भन्दै दोषीलाई कारबाही गर्नुपर्ने उनीहरुको माग छ ।

यसैबीच बाराको बाल एकता बोर्डिङ स्कुलका प्रधानाध्यापक रुपेश स्वर्णकारको हत्याको विरोधमा मंगलबार मधेश प्रदेशका सम्पूर्ण निजी विद्यालय बन्द भएका छन् । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन) को आह्वानमा मधेश प्रदेशका विद्यालय बन्द भएका हुन् । बाराको कलैयास्थित बाल एकता बोर्डिङ स्कुलको सञ्चालक तथा प्रिन्सिपल स्वर्णकारमाथि सोमबार दिउँसो गोली प्रहार गरिएको थियो । कलैयामा रहेको बाल एकता बोर्डिङ स्कुलका प्रिन्सिपल स्वर्णकारमाथि दिउँसो करिब १ बजे अज्ञात समूहले तीन गोली प्रहार गरेर हत्या गरेपछि त्रासको वतावरण छाएको थियो ।

उता, अभिभावक संघ पर्साले बारामा भएको गोलीकाण्डको भ्रत्सना गरेको छ । संघका अध्यक्ष संदिप कुमार साहद्वारा जारी विज्ञप्तिमा खुलेयाम विद्यालयका प्रधानाध्यापकलाई गोली हानेर हत्या गरेको घटनाले बालबालिका, शिक्षक, अभिभावक असुरक्षित रहेको प्रमाणित भएकाले दोषीलाई तत्काल कारबाही गरी भयमुक्त समाज निर्माण गर्न आह्वान गरिएको छ ।

## त्रिकोणात्मक प्रेमसम्बन्धः
### लेखापालका दुई प्रेमी, एक मारिए, अर्का मार्ने योजनाकार

**मधेशदृष्टि**
**बारा ।**
सोमबार गोली प्रहारबाट हत्या गरिएका बाल एकता बोर्डिङ स्कुलका सञ्चालक गुड्डु भनिने रुपेश स्वर्णकारको ज्यान त्रिकोणात्मक प्रेम सम्बन्धका कारण गएको पाइएको छ । उनका स्कुलमा लेखापाल रहेकी राधा गुप्ताकै कारण स्वर्णकारलाई राधाको पहिलो प्रेमी मनोज गुप्ता समूहले मारेको खुलेको छ । यद्यपि मंगलबार दिउँसो पत्रकार सम्मेलन गर्ने भनेको बारा प्रहरीले पत्रकार सम्मेलन गरेको छैन ।

राधा बोर्डिङमा लेखापाल थिइन् । उनको पारिवारिक नाताभित्रैका तर भारतीय नागरिक मनोज गुप्तासँग प्रेमचक्कर रहेको केही समयअघि खुलेको थियो । बारम्बार बोर्डिङ आइरहने मनोजलाई नआउन भनिएको थियो । मनोजको आउजाउमा उनले के अनुमान लगाए भने आफ्नो प्रेमिकाको बोर्डिङका सञ्चालक रुपेशसँग पनि गहिरो प्रेम सम्बन्ध छ । यो विषय यतिमै सीमित रहेन ।

यसपालि रक्षाबन्धनअगाडिको घटना हो । मनोजले बोर्डिङमै आएर राधालाई पिटिन् । राधा मात्र पिटिएनन्, मनोजले रुपेशलाई पनि 'तँलाई पनि मार्छु' भनेर चेतावनी दिएका थिए । यसपछि बोर्डिङमै रहेका रुपेश दाइले पनि यो घटनाले अरु चर्को रुप लिने देखेर पारिवारिक सहमतिमै राधालाई बोर्डिङ स्कुलको लेखापालबाट बिदा गरेकी थिइन् । किनभने रुपेश भन्थे, 'मनोज, तिमी भारतीय नागरिक हौ, यति धेरै किन मेरो बोर्डिङमा आउजाउ छ ?' मनोजले राधासँगको सम्बन्ध रहेको आशंकामै रुपेशलाई 'ज्यान लिने धम्की' दिएका थिए ।

बोर्डिङबाट निकालिएपछि राधा तनावमा थिइन् । मनोज पनि उत्तेजित थिए । मंगलबार बाराका सिडिओ नवराज सापकोटाले प्रेम सम्बन्धका कारण राधाकै परिवारले स्वर्णकारको हत्या गरेको बताएका थिए । स्वर्णकार र महिलाको सम्बन्धकै कारण परिवारकार सदस्य मिलेर हत्या भएको सिडिओ सापकोटाको दलिल थियो ।

छातिमा टेकेर दुई गोली
बोर्डिङ नजिकै राधाको डेरा छ । मनोज गुप्ताले पहिला पनि रुपेशलाई मार्न आक्रमण गरेका रहेछन् । तर सफल भएन । रुपेशले पनि यो कुरा प्रहरी र परिवारलाई भनेनन् । सोमबार रोजमेरी रेष्टुरेन्टबाट खाजा खाएर बोर्डिङ स्कुलनजिकै मदरसा चोकमा उनलाई दुई वटा मोटरसाइकलमा आएका चारजनाको समूहले गोली हानेको थियो ।

पहिलो मोटरसाइकलमा सवार समूहले गोली हान्दा रुपेशले छलेका थिए । दोस्रो मोटरसाइकलमा रहेको समूहले उनलाई गोली हान्यो । रुपेशको पाखुरामा लाग्यो । रुपेश लडे । त्यसपछि गोली प्रहार गर्ने समूह ओर्लेर रुपेशको छातीमा टेकेर दुई गोली हानेको थियो । चार गोलीमा तीन गोलीले रुपेशको ज्यान छेड्यो । गोली प्रहार गर्ने समूह कति आवेगमा थियो भन्ने प्रमाण हो, भूइँमा लगेका रुपेशलाई छातीमा टेकेर गोली हानियो र उनीहरु भाग्न सफल भए ।

दुवैको 'डार्लिङ' लेखापाल राधाकै कारण रुपेशको ज्यान गयो । घटनास्थलमा प्रयोग भएका दुवै मोटरसाइकल बरामद भएका छन् । राधासहित अरु पनि समातिएका छन् । बारा एसपी सुरेश काफ्ले भन्छन्, 'हत्याको कारण एक्स्ट्रा म्यारिटल अफेयर नै देखिएको छ, समातिएका भित्र मनोज गुप्ता छन् कि अन्डरग्राउन्ड छन्, भेरिफाइ गर्दैछु ।'

प्रहरीले मंगलबार साँझसम्म यो प्रकरणमा १० जनालाई पक्राउ गरेको छ । राधासहित केही नेपाली र केही भारतीयसँग बयान पनि भएको छ । प्रहरीले पत्रकार सम्मेलन गरेर घटना बाहिर ल्याउन भने भ्याएन ।

# अस्पताल र छठघाट निरीक्षण




**मधेशदृष्टि**
**वीरगंज**

नारायणी अस्पतालको उपचार सेवा प्रभावकारी बनाउन वीरगंज महानगरपालिका तथा जिल्ला प्रशासन कार्यालयले छड्के अनुगमन गर्दै आएको छ । मंगलबार बिहान वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह, पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीसहितको टोलीले नारायणी अस्पताल अनुगमन गरी अस्पतालले पुर्याउदै आएको सेवाबारे बिरामी तथा कुरुवासँग अन्तरक्रिया गरेका थिए ।

अनुगमनक्रममा अस्पताल प्रशासनसँग टोलीले समस्याबारे छलफल गरेको थियो ।

गरिब तथा सर्वसाधारण एवम् असहाय बिरामीको उपचार केन्द्रका रुपमा रहेको नारायणी अस्पतालको सेवालाई सर्वसुलभ, जनमुखी र गुणस्तरीय बनाउन महानगरपालिकाले अस्पताललाई आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

अनुगमनमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, उद्योगपति एवम् समाजसेवी अशोक वैद्य, वडा नम्बर ४ का वडा अध्यक्ष जगत साह कानु, वडा नम्बर १० का वडा अध्यक्ष सुशील साह कानु, जसपा महानगरका अध्यक्ष ईश्वर प्रसाद यादव, निखिल वर्णवाल, निरन्जन मिश्रा, रोशन पटेल, सरफोरज मियाँलगायतको उपस्थिति थियो ।

वीरगंज महानगरपालिकाका नगरप्रमुख सिंहले छठ पर्वको अवसरमा निर्माण गर्न लागिएको छठ घाटको सरसफाइको समेत स्थलगत निरीक्षण गरेका छन् । वडा नम्बर १५ र १६ मा रहेका छठ घाट अवलोकन गरिएको हो ।

# बढी भाडा लिने सुमो कारबाहीमा

**मधेशदृष्टि**
**वीरगंज ।**

यात्रुसँग बढी भाडा लिने टाटा सुमोलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले कारबाही गरेको छ । वीरगंजबाट काठमाडौँ गइरहेका टाटा सुमोले यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिएको पाइएपछि सुमोका सञ्चालकलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले दण्डित गर्दै कारबाही गरेको हो ।

कारबाही पर्नेमा युनिक सुमो सेवाको ना१ज ७४१९ नम्बरको सुमो रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख एवम् प्रहरी निरीक्षक भास्कर खतिवडाले जानकारी दिए । बढी भाडा लिएको सूचनाको आधारमा सुमोका यात्रुसँग बुझ्दा दोब्बरसम्म भाडा लिएको भेटिएपछि कारबाही गरिएको खतिवडाले बताए । वीरगंजदेखि काठमाडौँको भाडा ८ सय ५० रुपैयाँ रहे पनि सुमो सञ्चालकले यात्रुसँग १ हजार ७ सय रुपैयाँसम्म भाडा असुल गर्दै आएका छन् ।

# ४२ लाखका सामानसहित ट्रक नियन्त्रणमा




**मधेशदृष्टि**
**वीरगंज ।**

बिलबिजक भन्दा ४२ लाख रुपैयाँ बढीको रेडिमेड कपडा तथा खुद्रासामान लोड रहेको ट्रक पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ । वीरगंजबाट झापा जाँदै गरेको ना३ख ४६५१ नम्बरको मालबाहक ट्रकमा बिल बिजक भन्दा बढी मालबस्तु लोड रहेको सूचना प्राप्त भएपछि ट्रकलाई गण्डक चोकमा चेकजाँच गर्दा बढी मालबस्तु रहेको तथा विल बिजक शंकास्पद देखिएको डिएसपी कुमार विक्रम थापाले बताए ।

ट्रकसहित सामानको ४२ लाख ३२ हजार ८ सय २७ रुपैयाँ मूल्यांकन गरी थप अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको छ ।

# बलात्कार आरोपी फरार

**मधेशदृष्टि**
**सर्लाही ।**

३६ वर्षीयालाई बलात्कार प्रयास गरेको आरोपमा कौडेना गाउँपालिका–५ मोतिपुरका ३७ वर्षीय दिनेश महतोविरुद्ध जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दर्ता भएको छ । घटना कात्तिक ३ गतेको भएको बताइएको छ । घटनालगत्तै आरोपित महतो फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपेन्द्र पंजियार थारुले जानकारी दिए ।

# पटेलको १४८ औँ जन्मजयन्ती मनाइयो



**मिश्रीलाल मधुकर**
**वीरगंज ।**

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासमा सोमबार सरदार वल्लभभाइ पटेलको १ सय ४८ औँ जन्मजयन्ती मनाइएको छ । सरदार वल्लभभाइ पटेलको जन्मजयन्तीका अवसरमा ‘आजको विश्वमा एकतामा सरदार वल्लभभाई पटेलको सान्दर्भिकता’ शीर्षकमा छलफल गरिएको थियो ।

कार्यक्रमका वक्ताले सरदार वल्लभ भाइले भारतको स्वतन्त्रतामा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । उनी प्रख्यात वकिल थिए । भारत स्वतन्त्र भयो तर ५ सय ६२ वटा रियासत थिए । पटेलले नै सबै साना र ठूला रियासतलाई भारतीय संघमा विलय गरेर भारतीय एकता सिर्जना गरेका थिए । उनको उत्कृष्ट नेतृत्व र प्रशासनिक क्षमतालाई भारतको भूराजनीतिक एकीकरणको श्रेय दिइन्छ ।

उनको साहसी काम देखेर गान्धीजीले उनलाई लौहपुरुष भने । उनको जन्मसन १८७५ मा भारतको गुजरात राज्यमा भएको थियो र उनको मृत्यु १५ डिसेम्बर १९५० मा भएको थियो ।

वाणिज्य राजदूत देवी सहाय मीनाको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उद्योगी अशोक वैद्य, वरिष्ठ पत्रकार चन्द्र किशोर झा, सिपु तिवारी, ध्रुव साह, नेपाल भारत मैत्री संघका प्रदेश अध्यक्ष रणधीर सिंह, वाणिज्य राजदूत शैलेन्द्र कुमार, शशिभूषण लगायतको सहभागिता थियो ।

कार्यक्रममा दूतावासका अधिकारी, कर्मचारीलगायतका विभिन्न व्यक्तिको उपस्थिति थियो । कार्यक्रम सञ्चालन वरिष्ठ कन्सुल तरुण कुमारले गरेका थिए । त्यसैगरी, जनकपुर बौद्धिक समाजले पनि राघवेन्द्र साहको अध्यक्षतामा रवीन्द्र मेमोरियल अस्पताल परिसरमा सरदार वल्लभभाई पटेलको १ सय ४८ औँ जन्मजयन्ती मनाएको छ । रामेश्वर साह, दीपक साह, चन्दन दुवे, प्रा. रमेश साह, प्रो. सुरेश साह, घियासुद्दीन साफी, शम्भु साह, सञ्जय साहलगायतले सरदार बल्लभभाई पटेलको व्यक्तित्व र कृतित्वबारे विचार राखेका थिए ।




भारतको गुजरातमा १८७५ अक्टोबर ३१ मा जन्मेका पटेलको १९५० डिसेम्बर १५ मा मृत्यु भएको थियो । सरदार पटेलको नामले परिचित, उनी कुशल भारतीय राजनीतिज्ञ तथा तत्कालीन भारतको पहिलो उपप्रधानमन्त्रीका रूपमा काम गरेका थिए । उनी भारतीय वकिल र राजनीतिज्ञसँगै भारतीय राष्ट्रिय कांग्रेसका वरिष्ठ नेता र भारतको गणतन्त्रका संस्थापक थिए । जसले देशको स्वतन्त्रताको सङ्घर्षमा अग्रणी भूमिका खेले । भारत र अन्य ठाउँमा, उनलाई अक्सर हिन्दी, उर्दू र फारसीमा सरदार भनिन्थ्यो, जसको अर्थ ‘प्रमुख’ हो । उनले भारतको राजनीतिक एकीकरण र १९४७ को भारत–पाकिस्तान युद्धको समयमा गृहमन्त्रीको रूपमा काम गरेका थिए ।

# कांग्रेसको चियापान र सम्मान

**मनोज यादव**
**सर्लाही ।**

दिपावली तथा छठ पर्वको अवसर पारेर नेपाली कांग्रेस प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति सर्लाही क्षेत्र न–२ ले जिल्लाको सदरमुकाम मलंगवामा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरेको छ ।

मधेश प्रदेश सभा सदस्य एवम् क्षेत्रीय कार्यसमितिका सभापति कौशल किशोर रायको अध्यक्षता तथा पूर्वसांसद एवम् पार्टीका पूर्व जिल्ला सभापति लक्ष्मण रायको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मलंगवा नगरपालिकाका मेयर नागेन्द्र प्रसाद यादव, कबिलासीका मेयर ब्रम्हदेव राय, विष्णु गाउँपालिकाका अध्यक्ष जवाहरलाल यादव, पर्सा गाउँपालिकाका अध्यक्ष धिरेन्द्र यादव, कौडेनाका अध्यक्ष रुपेश कुमार यादव, पूर्वसांसद भिखारी मंसुर, विनोद खनाल, सुशील शर्मा लगायतकाले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा कांग्रेसबाट निर्वाचित विभिन्न स्थानीय तहका प्रमुखलाई क्षेत्रीय सभापति रायले दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

# जनप्रतिनिधिको द्वन्द्वले फतुवा विजयपुर प्रशासकीय अधिकृतविहीन

**सञ्जय मिश्रा**
**रौतहट ।**

फतुवा विजयपुर नगरपालिका जनप्रतिनिधिको द्वन्द्वका प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको छ ।

कार्यबाहक मेयर अम्बेया खातुन र वडाअध्यक्षसँगै कार्यपालिका सदस्यबीच तालमेल नमिलेपछि खटाइएका प्रमुख प्रशासकीय अधिकृतले हाजिर गर्न नपाउँदा नगरपालिका प्रमुखविहीन बनेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले असोज २६ गते उपसचिव सुरेन्द्र प्रधानलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएपछि जनप्रतिनिधिहरु नै विभाजित बनेका कारण प्रधानले हाजिर गर्न पाएका छैनन् । कार्यबाहक प्रमुख खातुनले उपसचिव प्रधानको सरुवा चिठीमा गएको असोज २८ गते नै दर्ता गरेपछि निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्दै आएका शम्भु यादव जिम्मेवारीबाट मुक्त भएका थिए । एकातर्फ विगतदेखि जिम्मेवारी सम्हालेका यादव जिम्मेवारीमुक्त हुनु र दोस्रो प्रधानले पनि हाजिर गर्न नपाएका कारण फतुवा विजयपुर नगरपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन भएको हो ।

कार्यबाहक मेयर शातुन उपसचिव प्रधानलाई हाजिर गराउने पक्षमा छिन् भने वडाअध्यक्षहरु उनलाई कुनै शर्तमा हाजिर नगराउने पक्षमा छन् । नगरपालिकामा उनीविरुद्द आन्दोलनसमेत भएर हाजिर गर्ने वातावरण नबनेपछि सरुवा भएको लामो समय बितिसक्दासमेत उपसचिव प्रधान कार्यालयमा जान सकेका छैनन् । वडा नम्बर ९ का अध्यक्ष पप्पु भनिने राकेश राय यादवले उपसचिव प्रधान पहिले नै कार्यरत रही कोरोनाकालमा विभिन्न शीर्षकको लाखौँ रकम अनियमितता गरेको आरोप लगाउँदै उनलाई हाजिर नगराउने बताए ।



तत्कालीन मेयर गोपाल राय यादव अख्तिरद्वारा लालबकैया नदीको टेन्डरमा दोषी ठहर भएपछि निलम्बित भएदेखि नै जनप्रतिनिधिबीच सहमति नहुँदा हालसम्म नगरसभासमेत हुनसकेको छैन, त्यसको प्रत्यक्ष मारमा ज्येष्ठ नागरिकदेखि कर्मचारी परेका छन् । यसअघि निमित्तको जिम्मेवारी सम्हालेका शम्भु यादवले जनप्रतिनिधिहरु नै विभाजित भएपछि कार्य गर्न समस्या आएको बताए ।

अर्कातर्फ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले असोज २६ गते उपसचिव प्रधानलाई वृन्दावन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको थप जिम्मेवारी दिएको मात्र ५ दिन पछि कार्तिक १ गते नगरपालिकाकै स्वास्थ्य सेवामा कार्यरत अधिकृतस्तर छैटौँ तहका रासनारायण पटेललाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर जनप्रतिनिधिहरुबीच फाटो ल्याइदिएको छ ।

प्रधानलाई उपप्रमुख संगीता रामको साथ छ । तर मेयर विनोद पटेल विपक्षमा रहेका कारण उनले कार्तिक २ गते हाजिर गरेर कार्यालयको दैनिक काम काज गर्न पाएका छैनन् । निमित्तको जिम्मेवारी पाएका रासनारायण पटेलले कोष तथा लेखा नियन्त्रण कार्यालयबाट खाता सञ्चालनको अनुमति लिएर साउन महिनादेखि बाँकी रहेको कर्मचारीको तलबसमेत खुवाएका छन् ।

कोष तथा लेखा नियन्त्रण कार्यालय रौतहटका प्रमुख राजन कुमार फुयाँलले वृन्दावन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दुई जनाको भएको विषयमा विवाद भएपछि खाता सञ्चालन रोक्का गरी मन्त्रालयलाई जानकारी दिएको बताए ।

उनका अनुसार फतुवा विजयपुर, बौधिमाई नगरपालिका र यमुनामाई गाउँपालिकाको खाता सञ्चालन हुनसकेको छैन । आर्थिक वर्ष बितेको तीन महिना भइसक्दा रौतहटको फतुवाबिजयपुर, बौधिमाई नगरपालिका र यमुनामाई गाउँपालिकाका कर्मचारी तलबबाट वञ्चित छन् । पालिकाले समयमै सभा र अख्तियारी पत्र कोष तथा लेखा नियन्त्रणको कार्यालयमा पेस नगरेका कारण कर्मचारीले तलब नपाएका हुन् ।

जनप्रतिनिधिहरुले आफूअनुकुलको प्रमुख प्रशासकीय अधिकृत चाहने भएका कारण पालिकामा बेथिति छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पैसाको चलखेलमा प्रशासकीय अधिकृतको जिम्मेवारी दिने भएकाले पनि स्थानीय तहमा समस्या छ ।

# इलाका प्रहरी कार्यालय समनपुरको भवन निर्माण हुने



**मधेशदृष्टि**
**रौतहट ।**

गढीमाई नगरालिकास्थित इलाका प्रहरी कार्यालय समनपुरको भवन निर्माण गर्ने जिल्लास्थित सुरक्षा अधिकारीहरुले प्रतिबद्धता जनाएका छन् ।

लामो समयदेखि जीर्ण इलाका प्रहरी कार्यालय समनपुर भवनको अवस्थाबारे स्थलगत अनुगमन निरीक्षणमा गएका सुरक्षा अधिकारीहरुले यस्तो प्रतिवद्धता जनाएका हुन् । स्थानीयको अनुरोधमा रौतहटका सिडिओ धर्मेन्द्र कुमार मिश्र, रौतहट प्रहरी प्रमुख एसपी महेन्द्र कुमार श्रेष्ठ, गढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव तथा जनप्रतिनिधिले सोमबार प्रहरी भवन अनुगमन गरे ।

अनुगमनपछि स्थानीयसँग कुरा गर्दै सिडिओ मिश्रले यस आर्थिक वर्षमा स्थानीय, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरी भवन निर्माणको प्रतिवद्ध्ता जनाएको सहभागी वडाअध्यक्ष रामपुकार यादवले बताए । २०२९ सालमा स्थानीयद्धारा चन्दा सहयोगबाट समनपुरमा प्रहरी कार्यालय निर्माण गरेपछि तत्कालीन नेपाल प्रहरीका आइजिपी खड्गजित बरालद्धारा इलाका प्रहरी कार्यालयका रूपमा उदघाटन गरिएको थियो ।

निर्माणको ५० वर्ष बढी भएको इलाका प्रहरी कार्यालय समनपुरको भवन पूर्णरुपमा जीर्ण बनेको छ । ठाउँठाउँमा छत फुटेर पानी चुहिने, वालहरु सबै चर्केको, झ्याल खस्ने अवस्थामा पुगेको भवनमा बस्न लायक नरहेको स्थानीयले बताए ।

# खानलाई आर्थिक सहयोग जारी

**मधेशदृष्टि**
**वीरगंज ।**

फोक्सोको समस्याबाट ग्रसित पत्रकार नेहाल खानलाई पत्रकार राघव साहले ५१ हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

कोरोना महामारीकै बेलादेखि फोक्सोको समस्याबाट ग्रसित खान दुई महिनाअघि सिकिस्त भएपछि नारायणी अस्पतालको आइसियुमा भर्ना भएका थिए । अस्पतालबाट डिस्चार्ज भई हाल उनी घरमै स्वास्थ्यलाभ गरिरहेका छन् ।

खानकी पत्नी अजमा खातुन पनि क्यान्सरपीडित भएर चितवनको भरतपुरमा उपचाररत छन् ।

मंगलबार पत्रकार साहले खानको घरमै पुगेर ५१ हजार रुपैयाँको चेक प्रदान गरे ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित
जनकपुरधाम उ.म.न.पा.-१३, धनुषामा निर्माण भई संचालन भईरहेकोश्री कृष्ण सेलर मिलको
लागि आवश्यक पर्नेप्रारम्भिक वातावरणीय परिक्षण (IEE)प्रतिवेदन तयारी सम्बन्धि

**सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः२०८०/०७/१५)**

| | |
|---|---|
| **प्रस्तावको नामः** | श्री कृष्ण सेलर मिलको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी |
| **प्रस्तावकको नाम र ठेगानाः** | नामः श्री कृष्ण सेलर मिल<br>ठेगानाः जनकपुरधाम उ.म.न.पा.-१३,धनुषा<br>सम्पर्क नं.:९८५४०२०७३४, ९८०१७२०७३४ |
| प्रस्तावको व्यहोराः | जिल्लाधनुषाजनकपुरधाम उ.म.न.पा.-१३मावस्ने उमा कुमारी साह र राज किशोर साहको नाममा दर्ता कायम रहेको जनकपुरधाम उ.म.न.पा.-१३ को किता नं. २८, १७, १९ र ४०, गरि जम्मा ४ किताको को कुल क्षेत्रफल ०-९-२-६ (बि.-क.-धु.-क) जग्गामा आवश्यक भवन संरचना निर्माणभईश्री कृष्ण सेलर मिलसंचालन हुने । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा.: | धनुषा जिल्ला,जनकपुरधाम उ.म.न.पा.-१३। |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह (न.पा./गा.पा). तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल-स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ **(सात)** दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| वडा कार्यालयको नाम र ठेगानाः | प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|---|
| जनकपुरधाम उ.म.न.पा.-१३ को वडा कार्यालय, धनुषा | नामः श्री कृष्ण सेलर मिल<br>ठेगानाः जनकपुरधाम उ.म.न.पा.-१३, धनुषा<br>सम्पर्क नं.: ९८५४०२०७३४, ९८०१७२०७३४ | नाम:सुनरस कन्सल्टेन्सी एण्ड ट्रेर्डस प्रा.लि.<br>ठेगानाः बिरगंज- १६, पर्सा<br>सम्पर्क व्यक्ति:शम्भु प्रसाद चौरसिया<br>सम्पर्क फोन नं.: ९८५१००६६४३,<br>इमेल: shambhuprasadchaurasia@gmail.com |

# संसदमा गुटेरेसको सम्बोधन



**रासस**
**काठमाडौँ ।**
*संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सङ्क्रमणकालीन न्याय जटिल प्रक्रिया भए पनि यसले दिगो शान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन् । सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई मंगलबार सम्बोधन गर्दै उनले भने, 'तपाईँहरू आफ्नो शान्ति प्रक्रियाको अन्तिम चरणमा हुनुहुन्छ, सङ्क्रमणकालीन न्यायको माध्यमबाट युद्धको घाउ निको पार्दै हुनुहुन्छ, सङ्क्रमणकालीन न्यायले दिगो शान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । तर यो सजिलो भने छैन । स्वभावतः यो एक नाजुक र जटिल प्रक्रिया हो ।' नेपालको चारदिने औपचारिक भ्रमणबाट आफू ज्यादै खुसी भएको उल्लेख गर्दै महासचिव गुटेरेसले नेपाल विश्वको मित्र भएको पनि उल्लेख गरे । उनले भने, 'पछिल्ला केही दिनमा यो असाधारण देशको भ्रमण गर्न पाउँदा म ज्यादै खुसी छु । मैले देखेका कुराले एक सामान्य सत्यलाई पुष्टि गर्दछन्, नेपाल विश्वको मित्र हो ।' संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको पूर्ण पाठः*

महामहिमहरू, माननीय मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू एवम् मित्रहरू,
आज यहाँ तपाईंहरूसँग उपस्थित हुन पाउनु सम्मानको कुरा हो । मनमोहक नेपालमा फर्कन पाउनु एउटा सौभाग्य पनि हो । म यहाँ पहिलो पटक सन् १९७० को दशकमा आएको हुँ । जति पटक म यहाँ आएको छु, म छक्क परेको छु र यो यात्रा पनि कुनै अपवाद होइन । विगत केही दिनमा मैले देखेका र अनुभव गरेका कुरा मसँग सधैँ रहनेछन् । हिमालयमा सूर्यको किरण, जनसमुदायको न्यानोपन र समृद्ध सांस्कृतिक विविधताको, अनि पक्कै पनि लुम्बिनीको पवित्रता । म र मेरो प्रतिनिधिमण्डललाई तपाईँहरूको निमन्त्रणा, तपाईँहरूको आतिथ्य र स्वागतका लागि म नेपाल सरकारलाई धन्यवाद दिन्छु ।

महामहिमहरू,
हामी आज संसारको अशान्तिको बीचमा एकअर्कालाई भेट्दै छौँ । गरिबी र भोकमरीमा दशकौँको प्रगति उल्टिदैछ । मुद्रास्फीतिले घरायसी र राष्ट्रिय बजेटलाई कमजोर बनाउँदैछ । परिवारहरू होस् वा राष्ट्रहरू, आर्थिक सङ्कटको सामना गर्दैछन् । महिलाहरूको प्रतिनिधित्व जनसङ्ख्यामा उनीहरूको अनुपातको तुलनामा र उनीहरूले पाउने पारिश्रमिक पुरुषको तुलनामा कम छ । हिंसा र द्वन्द्व चुलिएका छन् । मध्यपूर्वको द्वन्द्व नेपालबाट हजारौँ माइल टाढा हुँदा पनि इजरायलमा हमासको क्रूर आक्रमणका कारण पीडितहरूमध्ये धेरै नेपाली थिए । मृत्यु भएका दश नेपाली विद्यार्थीका परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु र बेपत्ता श्री विपिन जोशीको सकुशल आगमनका लागि कामना गर्दछु ।

माननीय मन्त्रीज्यू तथा सांसदज्यूहरू,

भूराजनीतिक तनाव बढ्दै जाँदा विश्वव्यापी विभाजनहरू गहिरो र खतरनाक हुँदै गइरहेका छन् । साना मुलुकहरू ठूला शक्तिहरूबीचको प्रतिस्पर्धामा सम्पाश्र्विक क्षति हुन डराउँछन् । जलवायु प्रकोप घातक शक्तिका साथ तीव्र भइरहेको छ । यी सङ्कटको प्रतिकार्य गर्न विश्वले नेपालबाट धेरै सिक्न सक्छ । यो देश शान्तिको प्रवद्र्धक, बहुपक्षवादको पक्षधर र दिगो विकास तथा जलवायुसम्बन्धी कार्यको कट्टर समर्थक हो । दुई ठूला शक्तिका बीचमा रहेर आफ्नो सार्वभौमसत्ता र स्वाधीनताको रक्षाका लागि आफ्नो मार्ग तपाईँहरू आफैँले बनाउनुभएको छ । विगत बीस वर्षको तपाईँहरूको यात्रा हेर्न लायकको छ, अद्भुत छ ।

नयाँ संविधानसहितको नयाँ गणतन्त्रको केन्द्रमा संयुक्त राष्ट्रसङ्घको बडापत्र छ । तपाईँहरूले दिगो विकास लक्ष्यहरू शीघ्र अङ्गाल्नु भयो र तीमध्ये धेरैमा प्रगति गर्दै हुनुहुन्छ । तपाईँको मुलुकले द्वन्द्वलाई सफलतापूर्वक साम्य पारेको छ र युद्धबाट शान्तितर्फ उन्मुख भएको छ । यो यस्तो प्रक्रिया हो जसलाई संयुक्त राष्ट्रसङ्घले समर्थन गर्न पाउँदा गर्व लागेको छ ।

महानुभावहरू, माननीय सांसदज्यूहरू,

नेपाल परिवर्तशील छ । तपाईँहरूका प्रगतिको गतिशील कथा आज पनि निरन्तर छ । अल्पविकसित देशको स्थितिबाट तपाईँहरू अगाडि बढ्दै हुनुहुन्छ । संयुक्त राष्ट्रसङ्घ एक सहज सङ्क्रमणलाई समर्थन गर्न प्रतिबद्ध छ । तपाईँहरू आफ्ना शान्ति प्रक्रियाका अन्तिम चरणको तयारी गर्दै हुनुहुन्छ र सङ्क्रमणकालीन न्यायको माध्यमबाट युद्धको घाउ निको पार्दै हुनुहुन्छ । प्रश्नहरू र अन्यायद्वारा त्रसित पीडित व्यक्ति, परिवार र समुदायलाई शान्ति दिने र विगतलाई पूर्णविराम दिन मद्दत गर्ने प्रक्रिया हुनुपर्छ । सङ्क्रमणकालीन न्यायले दिगो शान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । तर यो सजिलो भने छैन । स्वभावतः यो एक नाजुक र जटिल प्रक्रिया हो ।

हामीलाई के कुरा थाहा छ भने सङ्क्रमणकालीन न्यायमा सफलताको सबैभन्दा ठूलो सम्भावना हुन्छ, जब यो समावेशी तथा बृहत् हुन्छ र यसको केन्द्रमा पीडितहरू हुन्छन् । जब यो सत्य, क्षतिपूर्ति र न्यायमा केन्द्रित हुन्छ । त्यतिमा मात्र होइन जब महिलाहरू पूर्ण रूपमा सहभागी हुन्छन् । यसका अतिरिक्त जब मानवाधिकार उल्लङ्घनका सबै पीडितहरूले अर्थपूर्ण समाधान पाउन सक्छन् । नेपालमा प्रगति र समाधान खोज्ने प्रयासलाई म स्वागत गर्दछु । तपाईँहरू एक्लो हुनुहुन्न ।

अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्ने, तपाईंको सर्वोच अदालतका निर्णय र पीडितहरूका आवश्यकता पूरा गर्ने प्रक्रियाको विकास गर्न र यसलाई व्यवहारमा ल्याउन संयुक्त राष्ट्रसङ्घ तपाईँहरूलाई सहयोग गर्न तयार छ । संयुक्त राष्ट्रसङ्घ र नेपाल पुराना मित्र हुन् । हाम्रो सहकार्य गहन छ । नेपाल लामो समयदेखि संयुक्त राष्ट्रसङ्घ परिवारको प्रिय सदस्य र हालैमा अतिकम विकसित मुलुकहरूको समूहको अध्यक्षका हैसियतमा विकासोन्मुख देशहरूका लागि प्रभावशाली आवाज भएको छ ।

यो सानो देशले अन्तर्राष्ट्रिय शान्तिमा ठूलो योगदान गरेको छ । विश्वका सबै राष्ट्रहरूमध्ये नेपाल संयुक्त राष्ट्र सङ्घको मिसनमा सेना पठाउने दोस्रो ठूलो राष्ट्र हो । नेपाली जनताको समर्पण, अदम्य साहस र सेवाका लागि म हृदयदेखि कृतज्ञ छु । हाम्रो नीलो झण्डामुनि रही सेवा गर्दै आफ्नो जीवन गुमाएकाहरूलाई सम्मान गर्न म एक क्षण लिन चाहन्छु ।

महामहिमहरू,
जलवायुसम्बन्धी कार्यमा नेपाल अग्रपङ्क्तिमा छ । तपाईँहरू सन् २०४५ सम्ममा शून्य उत्सर्जनमा पुग्ने लक्ष्यतिर बढिरहनुभएको छ । असाधारण वनजङ्गलको पुनर्स्थापनाका प्रयासहरूका लागि धन्यवाद, वनले अब देशको लगभग आधा भाग ओगटेका छन् । तपाईँहरू सबै पहलका लागि हाम्रो पूर्वचेतावनी प्रणालीका अग्रगामीहरूमध्ये एक हुनुहुन्छ, जसको लक्ष्य २०२७ सम्ममा पृथ्वीका प्रत्येक व्यक्तिलाई सुरक्षित राख्नु हो । वैश्विक सङ्कटले नेपाललाई अझै नराम्ररी प्रहार गरिरहेका छन् किनकि नेपाल विश्वका विकासोन्मुख देशहरूमध्ये एक हो । कोभिड–१९ को महामारीका दीर्घकालीन प्रभाव, मुद्रास्फीति र जलवायु सङ्कटले विकासका प्राप्त लाभलाई चुनौती दिइरहेका छन् र लगानीका लागि उपलब्ध हुने रकमको मात्रा खुम्चिरहेको छ ।

वैश्विक कार्वन उत्सर्जनमा नेपालको योगदान धेरै सानो अंश हो । तर मनसुन, आँधीबेहरी र पहिरो तीव्रता र भीषणताको हिसाबले बढ्दैछन् । बाली, पशुधन र सम्पूर्ण गाउँहरू नष्ट गर्दै अर्थव्यवस्थालाई ध्वस्त पार्दैछन् र मानव जीवनलाई बर्बाद गर्दैछन् । अगस्टमा भएको भारी वर्षाले ल्याएको पहिरोले विनाश निम्त्यायो र सयौँ मानिसहरूको मृत्यु भयो । हिमनदी असामान्य गतिमा पग्लिरहेका छन् । नेपालले तीस वर्षको अवधिमा आफ्नो हिमनदीको झन्डै एक तिहाइ गुमाएको छ ।

प्रभाव विनाशकारी छ, पानीले भरिएका ताल फुट्दैछन् । नदी र समुद्रको पानी बढ्दै छ । संस्कृतिहरूले चुनौतीका सामना गरिरहेका छन् । पहाडहरू जोखिममा छन् र चट्टान, पहिरो तथा हिमपहिरोको जोखिम बढ्दो छ । चुनौतीहरू बढ्ने क्रम जारी रहनेछ । हिमालयका नदीहरूले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गर्दछन् । जसरी तिनीहरू सङ्कुचित हुन्छन् त्यसरी नै नदीहरू बग्छन् । भविष्यमा सिन्धु, गङ्गा र ब्रह्मपुत्र जस्ता हिमालयका प्रमुख नदीहरूको बहाव अत्यन्तै सीमित हुनेछ । नुनिलो पानीको अतिक्रमणसँगै यसले यस क्षेत्र र बाहिरका डेल्टाहरूलाई नष्ट गर्नेछ । यसको अर्थ तल्लो समुदायहरू र सम्पूर्ण देशहरू सदाका लागि मेटिन सक्छन् ।लाखौँ मानिसहरू सर्नुपर्ने हुन्छ । पानी तथा जमिनको लागि भयङ्कर प्रतिस्पर्धा हुनेछ ।

महामहिमहरू,
जलवायु परिवर्तनको परिणामस्वरूप यो देशमा के भइरहेको छ त्यो डरलाग्दो अन्याय हो र जीवाश्म इन्धन युगको गम्भीर आरोप हो । जलवायु सङ्कटको क्रूर प्रभावको सामना गरिरहेका नेपालका ती समुदायहरूप्रति म अति चिन्तित छु । संयुक्त राष्ट्रसङ्घ उनीहरुको साथमा छ । विश्वले पनि यस्तै गर्नुपर्छ । नेपाल र अन्य विकासोन्मुख देशहरूको विकासमा सहयोग गर्न, जलवायुसम्बन्धी कार्यलाई तीव्रता दिन र हालको वैश्विक सङ्कटको सामना गर्न धेरै ठूलो अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ । मैले दिगो विकास लक्ष्य स्टिमुलस र जलवायु कार्यको लागि किफायती दीर्घकालीन वित्तपोषणमा कम्तीमा ५ खर्ब प्रतिवर्ष वितरण गर्ने प्रस्ताव गरेको छु । सदस्य राष्ट्रहरूले गत महिनाको महासभामा प्रस्तावलाई स्वागत गरे र यसलाई अगाडि बढाउन प्रतिबद्ध भए । म उनीहरूलाई यी प्रतिबद्धतालाई वास्तविकतामा रूपान्तरण गर्नका लागि अब कार्य गर्न आह्वान गर्दछु । म नेताहरूलाई ढिलाइ नगरी जलवायुमा काम गर्न आग्रह गर्दछु । सबैभन्दा ठूला उत्सर्जनकर्ताहरूले नेतृत्व लिनुपर्दछ । विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न सबै देशहरूले मैले प्रस्ताव गरेको एक्सलरेसन एजेन्डालाई प्रभावकारी बनाउनु पर्छ । तिनीहरूले ग्लोबल स्टकटेकमा बलियो परिणामका साथ कोप २८ लाई अर्थपूर्ण बनाउनुपर्छ । हामीले जलवायु न्याय प्रदान गर्न पनि आवश्यक छ ।

विकसित देशहरूले वार्षिक एक खर्ब डलर दिने वाचा पूरा गर्नुपर्छ र दोहोरो अनुकूलन वित्त, अनुकूलनमा जलवायु वित्तपोषणको आधा खर्च गर्ने पहिलो चरणको रूपमा । जलवायु उत्थानशीलता निर्माण गर्ने प्रयासको केन्द्रमा सबैभन्दा सङ्कटासन्न समुदाय हुनुपर्दछ । यसवर्षको कोप २८ मा सबै पक्षले कोशेढुङ्गा नोक्सान र क्षति कोषलाई परिचालन गर्नुपर्छ । हामीलाई कोषमा नयाँ र समयमै वाचा चाहिन्छ । नेपाली जनता त्यसैमा निर्भर छन् । आँधीबेहरीमा आफ्ना घर गुमाएका परिवारका लागि र उर्लंदो नदीहरूले आफ्ना गाउँ छोड्न बाध्य भएका समुदायहरूका लागि हानि र क्षति कुनै वार्ताको बिन्दु वा कर्मचारीतन्त्र अमूर्तता होइन । यो एक जीवन रेखा हो ।

माननीय मन्त्रीज्यूहरू तथा सांसदज्यूहरु,

नेपाल लामो समयदेखि अन्तर्राष्ट्रिय प्रणालीको मित्रका रूपमा रहेको छ । र आज त्यो प्रणालीलाई पुनर्ताजगी, पुनरुत्थान र सुधारको निकै आवश्यकता छ । संसार परिवर्तनको अवस्थामा छ । यो बहुध्रुवीयतातर्फ अघि बढिरहेको छ । यो राम्रो कुरा हो । बहुध्रुवीय विश्वले वैश्विक मञ्चमा नेतृत्व र सन्तुलनका लागि नयाँ अवसरहरू प्रदान गर्दछ । तर शान्ति कायम राख्न यो नयाँ गतिशीलतालाई बलिया बहुपक्षीय संस्था चाहिन्छन् । इतिहासले हामीलाई त्यो प्रमाणित गरेको छ । बीसौं शताब्दीको सुरुमा युरोप बहुधुवीय थियो, तर बलिया बहुपक्षीय संस्थाहरू थिएनन् । यो युद्धमा पर्यो जसले विश्वलाई आफ्नो चपेटमा लियो । त्यो हामीले लिन सक्ने जोखिम होइन । हामीलाई आजको वास्तविकतालाई प्रतिबिम्बित गर्ने बलिया अन्तर्राष्ट्रिय संस्थाहरू चाहिन्छन् । तर संसार हाम्रोे ऐना हो जहाँ तिनीहरू स्थापना भएका थिए – लगभग ८० वर्ष पहिले । त्यो परिवर्तन हुनुपर्छ । विकासोन्मुख देशहरूको अन्तर्राष्ट्रिय संस्थाहरूमा अझ बढी प्रतिनिधित्व हुनुपर्छ ।

मैले संयुक्त राष्ट्रसङ्घको पुरानो सुरक्षा परिषद्लाई सुधार गर्न आह्वान गरेको छु । मैले विश्वव्यापी वित्तीय संरचनालाई सुधार गर्ने उपायहरू प्रस्ताव गरेको छु जसले गर्दा यसले विकासशील देशलाई अझ राम्रोसँग प्रतिनिधित्व गर्दछ र तिनीहरूका आवश्यकताको प्रतिकार्य गर्दछ । यी प्रस्तावहरूले यस वर्षको संयुक्त राष्ट्र सङ्घ महासभामा र त्यसपछि वास्तविक ध्यान प्राप्त गर्दैछन् । आगामी वर्षको भावी राष्ट्रसङ्घीय शिखर सम्मेलन थप प्रगतिलाई अघि बढाउने महत्वपूर्ण अवसर हो । हामीले परिवर्तनलाई वास्तविकतामा परिणत गर्नका लागि मद्दत गर्न नेपालले सहयोग गर्ने कुरामा म भरोसा गर्छु ।

महामहिमहरू,
बहुपक्षवादले संसारलाई प्रतिबिम्बित गर्नुपर्छ र त्यसलाई प्रतिकार्य गर्नुपर्छ । यसको अर्थ हामीले नयाँ चुनौतीलाई सम्बोधन गर्न र नयाँ अवसर प्रयोग गर्न आवश्यक संस्था र उपकरण सिर्जना गर्नु हो । आजको सन्दर्भमा प्रविधि दुवैको उदाहरण हो । यसले समस्या समाधान गर्न र विकासलाई प्रोत्साहित गर्न सक्छ वा यसले विभाजनलाई निम्त्याउन सक्छ र असमानतालाई बढाउन सक्छ । आज यसले पहिलेको धेरै थोरै गर्दैछ र पछिको धेरै गर्दैछ । विश्वलाई आश्चर्यजनक गतिमा परिवर्तन गर्ने प्रविधिका लागि हामीलाई वैश्विक प्रतिकार्य चाहिन्छ । मानवताको भलाइको लागि तिनीहरूलाई प्रयोग गर्न ।

सबै देशहरूले आफ्नो भनाइ राख्न पाउनुपर्छ । मेरो उच्च स्तरीय आर्टिफिसियल इन्टेलिजेन्स निकायमा जी७७ देशका विज्ञ समावेश छन् । यसले यस वर्षको रिपोर्ट गर्नेछ । तसर्थ सदस्य राष्ट्रहरूले आर्टिफिसियल इन्टेलिजेन्सका लागि वैश्विक शासन विकल्प विचार गर्न सक्छन् । हामीले टेक्नोलोजीका फाइदा पनि सबैमा पुर्याउनुपर्दछ र नयाँ प्राविधिक युगमा कसैलाई पनि पछाडि नछोड्ने कुरा सुनिश्चित गर्नुपर्दछ । संयुक्त राष्ट्र सङ्घले प्रस्ताव गरेको ग्लोबल डिजिटल कम्प्याक्टको उद्देश्य यही हो ।प्रविधिले सबैका लागि काम गर्छ भन्ने सुनिश्चित गर्न सरकार र उद्योगहरूलाई एकसाथ ल्याउने र दिगो विकास लक्ष्यलाई गति दिने लक्ष्य राखेको छ । फेरि, भावी शिखर सम्मेलन प्रगतिलाई अगाडि बढाउने एक उत्कृष्ट अवसर हो । र बहुपक्षीयता, शान्ति र विकासोन्मुख देशहरूको हितको अटल पक्षधरका रूपमा नेपाल शिखर सम्मेलनमा महत्वपूर्ण सहयोगी हुनेछ ।

महामहिमहरू,
पछिल्ला केही दिनमा यो असाधारण देशको भ्रमण गर्न पाउँदा म ज्यादै खुसी छु । मैले देखेका कुराले एक सामान्य सत्यलाई पुष्टि गर्दछन् – नेपाल विश्वको मित्र हो । विश्व नेपालका लागि असल मित्र हुनुपर्छ । संयुक्त राष्ट्र सङ्घले यसलाई वास्तविकतामा रूपान्तरण गर्नका लागि सङ्घर्ष गर्न छाड्ने छैन । यहाँहरू सबैलाई मेरो हार्दिक धन्यवाद छ ।

# मतदातालाई सुनाउन मात्र बोलेजस्तो भयोः बजगाईँ

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य राजेन्द्र बजगाईँले आफूहरूले संसद्मा उठाएका विषय सरकारका तर्फबाट खासै कार्यान्वयन नहुने गरेको बताउँछन् ।
उनले रासससँग कुरा गर्दै संसद्मा उठाएका महत्त्वपूर्ण विषयको कार्यान्वयन पक्ष फितलो भएकाले ती विषय आफ्ना मतदातालाई सुनाउन मात्र बोलेको जस्तो आफूलाई अनुभव हुने गरेको टिप्पणी गरे । सांसद बजगाईँले भने, 'सदनमा कुरा राख्न पाइएको छ । सुनुवाइ हुँदैन, सरकारलाई सुनाउँदा सरकार सुन्दैन । सरकारले नसुनेपछि मिडियामार्फत सुनाउनुपर्ने अवस्था छ ।
जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा अनुशासन र नियम–कानुनको पालना भएको देखिँदैन । कर्तव्य निर्वाह नगरे पनि कसैलाई डर छैन ।' संसद्मा नकारात्मक सोच रहने गरेको गुनासो गर्दै उनले कसले कसलाई छिड्की हान्ने भन्ने प्रवृत्ति रहेको उल्लेख गरे ।
सामूहिक सकारात्मक एकताको कमी रहेको उल्लेख गर्दै उनले भने, 'संसद्मा बेलिरहने हो । संसद्मा बोलेको कुरा मतदातालाई सुनाउन बोलेको जस्तो हुने हो । हाम्रो माननीयले बोलेको थियो त भन्नेमात्र हुने हो ।'
उनी दुईपटक पार्टीको केन्द्रीय सदस्य र एकपटक प्रदेशसभा सदस्यमा पराजय व्यहोरे पनि राजनीतिमा निरन्तर सङ्घर्षशील रहिआएका छन् । हाल गोरखा क्षेत्र नं १ बाट कांग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित उनी साना मुद्दामा पनि प्रतिपक्षी दलहरूले संसद् अवरुद्ध गर्दा संसद्ले अपेक्षाअनुसार काम गर्न नसकेको बताए ।
सरकारले सुरुमा पर्याप्त 'बिजनेस' दिन नसकेकाले पनि सदनले पर्याप्त काम गर्न नसकेको उल्लेख गर्दै उनले भने, 'यद्यपि पछिल्लो समयमा सरकारले दौडधुप गरेको छ, बिजनेस पनि दिइरहेको छ ।'
विसं २०२९ मा गोरखामा जन्मिएका उनी सानै उमेरदेखि नै नेपाल विद्यार्थी सङ्घबाट कांग्रेसको



सक्रिय राजनीतिमा लागेका हुन् । विसं २०४८ मा कांग्रेसको क्रियाशील सदस्यता लिएका उनी पार्टीमा पदबिना काम गरिरहेको बताए । सांसद बजगाईँले भ्रष्टाचार र अनियमितताका विषयमा सत्य, तथ्य छानबिन गरी दोषीलाई जो–केही भए पनि कारबाहीको दायरामा ल्याउन सबै दलबीच एकजुट हुनुपर्ने सुझाव दिए । फरक प्रसङ्गमा उनले संसद्को सांसद विकास कोषलाई कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगाएको विषयप्रति असन्तुष्टि जनाउँदै यसले विधायिकी अधिकार कुण्ठित भएको टिप्पणी गरे । यो राज्यको शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तविपरीत भएको उनको टिप्पणी छ ।
सांसदको पहिलो काम कानुन निर्माण भएको र त्यसबाहेक जनताको अपेक्षा र जनताबीच गरेका वाचा पूरा गर्न पनि केही गर्नुपर्ने उनको भनाइ छ ।
'संविधानअनुसार हामीले जनतामा गरेको वाचा पूरा गर्न पनि केही विकास निर्माणका काममा सहभागी हुनैपर्छ, अहिलेको प्रणालीमा यो कहीँ न कहीँ जोडिन्छ । यसलाई अस्वाभाविकरूपमा लिनु हुँदैन । आफ्नो क्षेत्रको विकासको जिम्मेवारी हाम्रो पनि हो', सांसद बजगाईँले भने, 'भोट माग्दैमा त्यसरी नै मागिएको छ, यसलाई अन्यथा सोच्नु हुँदैन र यस्तो प्रचलन विश्वका धेरै देशमा रहेको छ ।
जनताले पनि त्यही अपेक्षा गरेका हुन्छन् ।' तर विकास निर्माण स्थायी शक्तिले नै गर्नुपर्नेमा भने उनको स्पष्ट धारणा छ ।सदनमा सांसदको प्रस्तुतिका सन्दर्भमा सांसद बजगाईँले जनताका प्रतिनिधिको सर्वोच्च थलो सङ्घीय संसद्मा अनुशासित र संयमित भएर छलफलमा भाग लिनुपर्ने धारणा व्यक्त गरे । 'सदनलाई मर्यादित तुल्याउन जनप्रतिनिधिको ठूलो भूमिका हुन्छ', सांसद बजगाईँले भने, 'केही सांसदले कहिलेकाहीँ बोलको कुरामा कुन शब्द हटाउने कुन नहटाउने भन्नेमा सभामुखलाई पनि जानकारी नभएको जस्तो देखिन्छ ।'
कांग्रेसमा १२औँ महाधिवेशनदेखि नियमतिरूपमा पार्टीको महासमिति सदस्य र महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुँदै आएका उनले सदनमा कार्यगत एकता नदेखिने, सांसदहरू स्वतन्त्र नहुने र सकारात्क सोचभन्दा बढी नकारात्मक हुने गरेको उल्लेख गर्दै यसमा सुधारको खाँचो औँल्याए ।

अंग्रेजीमा सबैभन्दा डरलाग्दो भाषा हो, 'म सरकार हुँ र जनतालाई सहयोग गर्न आएको छु ।'
–रोनाल्ड रेगन

## सम्पादकीय

# प्रहरी लाचार हो कि बेमतलबी ?

सोमबार बाराको सदरमुकाम कलैयामा दिनदहाडै गोली हानेर बोर्डिङ स्कुलका सञ्चालकको हत्या भयो । घटनाको प्रकृति र अपराधको शैली हेर्दा मधेशमा शान्तिसुरक्षाको अवस्था कस्तो छ भन्ने छर्लङ्ग हुन्छ । घटनाबारे प्रतिक्रिया लिन खोज्दा मधेश प्रहरी प्रमुख डिआइजी जनक भट्टराईले सञ्चारकर्मीको फोन उठाएनन् । प्रदेश प्रहरीका प्रवक्ताले प्रयोग गर्ने मोबाइल स्वीच अफ थियो । कन्ट्रोलले प्रवक्ता बिदामा रहेको जानकारी दियो । प्रदेश प्रहरी प्रमुख र प्रवक्ताले फोन रेस्पोन्स गरे शान्तिसुरक्षा चुस्त हुने भन्न खोजेको होइन तर, सुरक्षा निकाय कति जिम्मेवार रहेको छ भन्ने सन्देश जान्छ ।

धनुषामा कुनै पनि विषयमा कुरा चल्दा महिलाको विषय जोडिने बित्तिकै प्रहरी उपरीक्षक विश्वराज खड्काले आरती साहको घटना उल्लेख गरिहाल्छन् । नायव प्रहरी उपरीक्षक (डिएसपी) रञ्जन आवाले पनि प्रहरीलाई काम गर्न सहज नरहेको बताइरहन्छन् । आरती साह मृत्यु प्रकरणमा धनुषाका तत्कालीन डिएसपी वेदप्रसाद गौतम अनाहकमै कारबाही भोग्नुपरेको आवाको भनाई आउँछ । विजयादशमीको अवसरमा चार दिनअगाडि सबैला इलाका प्रहरी कार्यालयले दिएको भोजमा सहभागी हुन आएका यदुकुहा इलाका प्रहरी कार्यालयका इन्चार्ज इन्स्पेक्टर सिके साहले प्रहरीलाई स्वतन्त्ररुपमा काम गर्ने वातावरण नरहेको भन्दै थिए ।

एसपी खड्का, डिएसपी आवा र इन्स्पेक्टर साहको कुराले शंका उत्पन्न हुन्छ, 'प्रहरी लाचार हो कि जनताको समस्या सुन्न नचाहेर बेमतलबी बनेको ?' इन्स्पेक्टर साहले कुरैकुरामा रवि लामिछाने गृहमन्त्री हुँदा जतिको सहज अहिले प्रहरीलाई काम गर्न नरहेको भने । गृहमन्त्री जो कोही भए पनि जनताको बीचमा शान्तिसुरक्षाका लागि काम गर्ने त प्रहरीले हो । अनि, गृहमन्त्री जो कोही भए पनि प्रहरीको मनोबल बढ्ने वा घट्ने अवस्था किन आउँछ त भन्ने जिज्ञासामा उनले वर्तमान अवस्थामा रवि लामिछाने हुँदाजतिको सुरक्षा आफूहरुलाई अनुभूति हुन नसकिरहेको सुनाए साहले । सुरक्षा अधिकृतले आफैँ सुरक्षाको अनुभूति गर्न नसकिरहेको बेला जनताले कसको भरमा कस्तो सुरक्षाको अनुभूति गर्ने त ? अनि एउटा बहालवाला इन्स्पेक्टरले कुनै पार्टीका नेताको यसरी किन प्रशंसा गरे ? सतहीरुपमा प्रहरी अधिकृतको कुरा सुन्दा उनीहरु पनि काम गर्न स्वतन्त्र छैन कि भन्ने लाग्छ । उनीहरु जनताभन्दा पनि लाचार रहेको दर्शाए पनि वास्तवमा त्यो सही हो त ? तस्करी नियन्त्रणमा को बाधक हो ? अपराध नियन्त्रण गर्न कसले बाधा गर्छ ? जनताप्रति जवाफदेही हुन कसले रोकेको हो प्रहरीलाई ?

मधेशका जिल्ला वा इलाका प्रहरी कार्यालयमा हरेक दिन प्रहरीबाटै पीडित भएका दर्जनौँ नागरिक भेट्न सकिन्छ । प्रहरीले सम्पादन गर्ने नागरिक सुरक्षाको काममा प्रहरी जवाफदेही हुन सकेका छैनन् । आर्थिक लेनदेन तथा चेक अनादरका मुद्दा अनि झैझगडा जस्ता विषयमा आर्थिक लाभ दिने पक्ष वा विपक्षको काममा तदारुकता देखाउने प्रहरीको सक्रिया नियमितरुपमा देखिइरहेको छैन । त्यसैले प्रहरी साँच्चै लाचार हुन् त ? कि माथिको दोष देखाएर आफ्नो जिम्मेवारीबाट पन्छिन खोजेको मात्रै हो ? यी विषयमा समयमै नियमनकारी निकायले ध्यान नदिए प्रहरी, प्रशासनप्रति जनताको अविश्वास त बढ्छ नै । यसले राज्यको सम्मानमा पनि असर गर्ने सम्भावना देखिन्छ ।


## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com


# विश्वमा बज्जिका संस्कृतिको प्रभाव



सञ्जय साह मित्र

### १.विषय प्रवेश

भाषामा संस्कृति हुन्छ भन्ने भनाइ भाषाविद्हरुको छ । भाषा निर्माण हुनुभन्दा पहिले नै संस्कृति बनिसकेको थियो । भाषामा संस्कृति नहुने होइन । संस्कृति प्रवाहको एक माध्यम भाषा अवश्य हो । अभिव्यक्ति दिन सकिने संस्कृतिको वाहक भाषा भएकोले संस्कृतिको आधार पनि भाषालाई मान्नेहरुको मतलाई स्वाभाविक मान्नुपर्दछ ।

संस्कृतिको सीमाभित्र धेरै विषय समेटिन्छन् । यसभित्र कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्यपरम्पराको समष्टि पर्दछन् । कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रुप संस्कृति हो । कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृतरुप दिएर चम्किलो, उज्यालो, निक्खरा बनाउने काम वा संस्कार वा परिष्कार संस्कृति हो । धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रुपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरुप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरुसमेतको समूह वा साधन संस्कृति हो ।

### २.परिचय

बज्जिका संस्कृति भन्नुको अर्थ बज्जिका भाषा र भूगोलसित सम्बन्धित संस्कृति हो । यस आलेखमा बज्जिका संस्कृतिलाई संक्षेपीकरण गरी नेपालीय बज्जिका संस्कृतिको सामान्य परिचय दिन खोजिएको छ । नेपालमा बज्जिका भाषाको भूगोल पश्चिममा गढीमाई मन्दिर (पसाहा नदी) देखि पूर्वमा जलेश्वर मन्दिर (महोत्तरीको सांस्कृतिक क्षेत्र) सम्म हो भन्नेहरु छन् । कतिपयले यसैलाई संसारीमाईदेखि गढीमाईसम्मको सांस्कृतिक भूगोल पनि मानेका छन् । (राष्ट्रिय जनगणना २०७८ ले पनि बज्जिका भाषाको मुख्य भूगोल यही क्षेत्रलाई देखाएको छ ।) यद्यपि ऐतिहासिक ग्रन्थहरुले बारादेखि धनुषासम्मको भूमिलाई बज्जीभूमि मानेका छन् ।

यही बज्जीभूमिमा प्रचलित केही धार्मिक तथा सांस्कृतिक विशिष्टताको परिचय दिनु तथा समग्र लोकजीवन, जीवनपद्धति तथा संस्कारहरु तथा तिनका विधि, विधान, मान्यता, गीत, कहवित, मिथक आदिबारे यहाँ चर्चा नगरिनु यसको सीमा हुनेछ ।

### ३.बज्जिका संस्कृतिको हस्तक्षेप

#### ३.१. छठ पबनी

छठ पबनीको उद्भव रौतहटमा भएको हो । रौतहटको गढीमाई नगरपालिकाको समनपुर भन्ने ठाउँ पौराणिक, ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण छ । यहीँबाट पाण्डवहरुले अज्ञातवास सुरु गरेका थिए । अज्ञातवासको सफलताको लागि द्रोपदीले पहिलोचोटि यहीँको बागमती नदीमा छठको व्रत गरेकी थिइन् । छठ व्रतको समापनपछि एउटा सुरुङ्मा पसेर अज्ञात भएका थिए । बागमती नदी तरेर विराटनगरतर्फ प्रस्थान गरेका थिए । पाण्डवहरुले बनाएको सुरुङको मुख छोप्न राखेको ढुंगालाई महादेवको रुपमा अझै पनि समनपुरवासीले पूजा गरिरहेका छन् ।

स्पष्ट छ, कुनै पण्डित पुरोहित नचाहिने तथा शास्त्रीय विधान नभएको लोक महापर्व छठको प्रभाव विश्वव्यापी रहेको छ ।

#### ३.२. गढीमाई पूजा

गढीमाई पूजाको प्रचलन यहीबाट भएको हो । विश्वमा बलिको लागि प्रसिद्ध गढीमाई मेलाका विभिन्न आयामहरु छन्ः

३.२.१. मूल मन्दिर र पूजाः गढीमाईको मूल मन्दिर बाराको वरियारपुरमा रहेको छ । वरियारपुर हाल महागढीमाई नगरपालिकाभित्र पर्दछ । गढीमाईको मूल पूजा पाँच वर्षमा मंसिर महिनाको शुक्ल पञ्चमी तिथिको दिन गरिन्छ । बलिको लागि यो दिन विश्वभर प्रसिद्ध रहेको छ । कतिपयले संसारको सबैभन्दा ठूलो बलिमेला वा बलिपूजा पनि भन्ने गर्दछन् ।

बज्जिका भाषाको अस्तित्व स्वीकार गरिएको नेपालकै मूल क्षेत्रमा गढीमाईका कैयौँ मन्दिरहरु रहेका छन् । यसै क्षेत्रकी देवी भएकोले यस क्षेत्रका कैयौँ दर्जन गाउँमा अनेकौँ गढीमाई मन्दिरहरु रहेका छन् । मूल रुपमा बारा, रौतहट र सर्लाही जिल्लाका विभिन्न ठाउँमा गढीमाई मन्दिरहरु रहेका छन् ।

३.२.२. संसारीमाई पूजाः भनिन्छ, गढीमाई पूजाको एक वर्ष पहिले संसारीमाई पूजा हुन्छ । गढीमाई पूजाको जुन लौकिक मान्यता छ, सोही मान्यता संसारीमाई माताको पनि रहेको छ । संसारीमाईको मूल पूजा महोत्तरीको जलेश्वरमा हुने गर्दछ । जलेश्वरमा संसारीमाईको भव्य पूजामा अनेक जिल्ला तथा भारतबाट समेत हजारौँ भक्तजनहरु सहभागी हुन्छन् । बाराको गढीमाई र महोत्तरीको संसारीमाई पूजाबिच सम्बन्ध रहेको लोकमान्यता रहेको छ ।

३.२.३. माघे संक्रान्तिः सामान्यतया हरेक माघे सक्रान्ति फरक पर्व हो । यसको आफ्नै विशिष्टा रहेको छ तर गढीमाई पूजाको माघे संक्रान्तिसित फरक किसिमले सम्बन्ध रहेको छ । जुन वर्ष गढीमाई मेला लाग्दछ, त्यस वर्षको माघे संक्रान्तिमा पनि गढीमाईलाई बलि दिने चलन रहेको छ । यदि कुनै कारणले कुनै परिवारले मंसिरमा गढीमाईको पूजाको दिन भाकल गरिएको बलि प्रदान गर्न सकेनछ भने माघे संक्रान्तिको दिन पूजा गरे पनि हुन्छ । यसै गरी जुन वर्ष गढीमाईको पञ्चवर्षीय पूजा हुन्छ, त्यसको अर्को वर्ष पनि गढीमाईमा बलि दिइने चलन छ । जुन परिवारले अघिल्लो वर्ष बलि दिन सकेको हुँदैन, उक्त परिवारले यस वर्षको माघे संक्रान्तिको दिन क्षमायाचनासहित पूजा गरी सो विधि अपनाउन पाउने प्रचलन रहेको छ । यसरी गढीमाईको सेरोफेरो आफ्नै किसिमको संस्कृति निर्माण भएको क्षेत्रको रुपमा बन्न पुगेको छ ।

#### ३.३. बुढियामाई

हाम्रो परिवेशको हरेक गाउँमा महारानी मन्दिर हुन्छ । महारानीलाई जगदम्बा तथा भगवतीको नामले पनि जानिन्छ । माई बर्हम भनेर पनि हामी चिन्दछौँ । माई मन्दिरमा सात पिढिया हुन्छन् जसलाई सात बहिनी जगदम्बा भनिन्छ । ती सात बहिनी जगदम्बामा बुढियामाई, फूलमत, राजल, शीतल, डकही, बगेसरी र जगदम्बा हुन् । बुढियामाईलाई आदशक्ति वा आद्यशक्ति वा आदिशक्ति पनि भनिन्छ । लोक मान्यता यो पनि रहेको छ कि बुढियामाईको नाभी (नाइटो) बाट ब्रह्मा, विष्णु र महेशको उत्पत्ति भएको हो ।

बुढियामाईको नइहर (माइती) रौतहटको पुर्नी गेडहीमा रहेको लोकमान्यता छ । रौतहटको गरुडा नगरपालिका २ मा रहेको पुर्नी गेडहीमा अझै पनि कानु जातको एक वंशमा बुढियामाईको नइहर रहेको मानिन्छ । अझै पनि पहिलो पूजा सोही वंशले दिने चलन रहेको छ ।

अर्थात्, हरेक गाउँमा माई बर्हमको मन्दिर र लोकपूजाको विधान पनि यही भूमिको देन हो र यहीबाटै अन्यत्र विस्तार भएको दाबी छ ।

#### ३.४. मधानी

मुख्य गरी रौतहट र बारामा प्रचलित भगवान शिवसित सम्बन्धित एउटा यज्ञ हो मधानी । मधानी यज्ञ कामरनाथु (बोलबम)हरुले गराउने वा गर्ने गर्दछन् । मुख्य गरी माघको श्रीपञ्चमी, फागुनको महाशिवरात्री तथा बैसाख महिनाको कृष्ण र शुक्ल दुवै त्र्योदशी तिथिका दिन भगवान शिवलाई विशेष पूजा गरी जलाभिषेक गर्नको लागि कामरनाथुहरु घरबाट कहिले निस्कने भन्ने तिथि पनि यही मधानी यज्ञको आधारमा नै निश्चित हुने गर्दछ । यसको लागि पहिले एउटा बैठक बोलाइन्छ कामरनाथुहरुको । त्यस दिन कुनै वा कसैलाई मधानी यज्ञ गराउनु छ भने प्रस्ताव राख्छन् । मधानी यज्ञ गराउन चाहनेको घरमा कुन दिन जाने भनेर त्यही निश्चित हुन्छ र तोकिएको दिनमा कामरनाथुहरु पुग्दछन् ।

यो लोक अनुष्ठान हो । यसमा कुनै पण्डित पुरोहितको आवश्यकता पर्दैन । कामरनाथुहरुले शिवको विशेष पूजा गर्दछन्, गराउँदछन् । शिवको यज्ञ गर्दै शिवको विवाह गराउँछन् । विवाहका सम्पूर्ण कलाकारहरु कामरनाथु नै हुन्छन् । विवाह सांगीतिक पद्धतिले हुन्छ । शिवका गणहरुको भेषभूषा र पहिरन गज्जबको हुन्छ । अनादि कालदेखि नै यो लोकअनुष्ठान निरन्तर चलिरहेको छ ।

केही वर्षदेखि रौतहटको मौलापुर नगरपालिकाले मधानी महायज्ञको आयोजन महाशिवरात्रीको अवसरमा गर्दै आएको छ ।

#### ३.५. पाठी बलि

कतिपय लोकदेवीलाई पाठी बलि दिने गरिन्छ । देवतालाई पाठी दिने गरिएको पाइएको छैन, यद्यपि पूरै अस्वीकार गर्न सकिन्न । कतिपय लोकपरम्पराहरु परिवर्तन हुन्छन् । पाठी बलि दिइने परम्परा विश्वमा ज्यादै कम रहेको छ । पाठी बलि दिने चलन मुख्य रुपमा महारानी अर्थात् बुढियामाईबाट सुरु भएको हो । फेरि पनि बुढियामाईको नइहर यसै क्षेत्रमा रहेको माथि सन्दर्भमा आइसकेको छ । पाठीलाई बलि चढाएपछि प्रसादको रुपमा ग्रहण गर्ने संस्कृतिको अवशेष अन्य जातिमा अझै पनि कुन रुपमा पाइन्छ भने पाठीको मासु खाने चलन रहेको छ ।

#### ३.६. गाउँ बाँध्ने

बज्जी क्षेत्रको एउटा संस्कृति यो पनि रहेको छ कि कुनै विशेष पर्व आयोजन हुँदा गाउँ बाँध्ने गरिन्छ । हरेक गाउँको आफ्नो प्राकृतिक सिमाना तोकिएको हुन्छ र कुनै विशेष कार्य जस्तो कि कुनै गाउँमा दुर्गापूजा सार्वजनिक रुपमा गरिन्छ भने दुर्गापूजा सुरु भएको दिनदेखि त्यस गाउँका बुहारी वा छोरीको विदाइ गर्नु हुँदैन पूजाको अवधिभर । गाउँमा कुनै सार्वजनिक महायज्ञको समयमा पनि यो विधि गरिन्छ । यद्यपि अहिले यो संस्कृति कमजोर हुँदै गएको छ ।

#### ३.७. लोकदेवदेवीको बाहुल्य

यस क्षेत्रमा लोकदेवीदेवताको बाहुल्य रहेको छ । लोकदेवीदेवताको पूजा हिन्दू समुदाय रहेको समग्र क्षेत्रभरि रहेको छ । मानव सभ्यताको विकासको जति धेरै लामो कालखण्ड बितेको छ, त्यहाँ लोकदेवीदेवताको बाहुल्य पनि बढी रहेको देखिन्छ । हरेक गाउँ तथा टोलमा लोकदेवी र लोकदेवताको बाहुल्य रहेको तथा शास्त्रीय देवीदेवताको भन्दा लोकदेवीदेवताको मन्दिर, गहबर तथा पूजनस्थल छुट्याइएको पाइएको छ । आफ्नै किसिमको लोकगाथा रहेको लोकदेवीदेवताहरुप्रति अनन्त प्रेम र आस्था रहेको पाइन्छ । अधिकांश परिवारमा कुलदेवता लोकदेवी वा लोकदेवता नै रहेका छ् । यी हुनुले सम्भवतः यसै क्षेत्रबाट पो लोकदेवीदेवताको पूजाको चलन विस्तार भएको हो कि ? अनुसन्धानको विषय रहेको छ ।

#### ३.८.प्रकृतिको पूजा

प्रकृतिको पूजा विश्वभरि अनेक किसिमले गरिन्छ । तर यस बज्जिकाञ्चल क्षेत्रमा भने प्रकृतिका हरेक तत्वलाई पूजा गरिन्छ वा देवता मानिन्छ वा सम्मान गर्ने संस्कार रहेको छ । पशु, पक्षी, वनस्पति तथा प्रकृति सबैमा देवत्व देख्ने यो अनौठो संस्कृति साँच्चिकै दुर्लभ रहेको छ । प्रकृति पूजक बज्जीहरु सजीव तथा निर्जीव सबै जसो काम लाग्ने वस्तुमा देवत्व देख्ने गर्दछन् । धेरै जनावर र चरालाई कुनै देवताको वाहन वा मन पर्ने पशु वा चरा मानेर श्रद्धा व्यक्त गर्दछन् । धेरै वनस्पतिप्रति पनि यही विश्वास राख्दछन् । यहाँसम्म कि कतिपय वनस्पति, चरा वा जनावरलाई अमुक देवी वा देवताको प्रतीक पनि मान्दछन् । तिनलाई देखेपछि तिनै देवीदेवतासित जोडेर अन्तर्हृदयमा श्रद्धा उमार्ने गर्दछन् । कतिपय वनस्पतिको झरेको पात वा फूलमा खुट्टा नटेकियोस् भन्नेसम्मको सर्तकता अपनाउँछन् ।

पीपल, दुबो, आँप, वर, कदम, समी, अशोक, तुलसी, मनिप्लान्टजस्ता दर्जनौँ दर्जनौँ वनस्पतिहरु छन् जसलाई यस क्षेत्रका हिन्दु समुदायले श्रद्धा गर्दछन् । हुन त धार्मिक आस्था मात्र होइन वातावरणीय दृष्टिकोणले पनि यस्ता वनस्पतिहरुको महत्व रहेको छ । अनेक जनावर तथा चराहरुहरुप्रति श्रद्धा गर्नुले पनि वातावरणीय सचेतनाको परम्परागत स्वरुपलाई लिन सकिन्छ ।

#### ३.९. महाविरी झन्डा

एउटा मिथक प्रचलित छ । जब लंकामा लक्ष्मणलाई शक्तिवाण लागेको थियो त्यत्ति वेला हनुमान आकाश मार्गबाट संजीवनी बुटीयुक्त पहाड लिएर लंकातिर गइरहेका थिए । आकाशमार्गमा उनलाई तिर्खा लागेछ । उनले जमिनतिर हेर्दा बागमती नदी बगिरहेको देखेछन् । ओर्लेर बागमती किनारमा पानी खाएछन् । त्यो ठाउँ हालको बलरा हो । बलरा भन्नु चाहिँ बबाट बलरंगवली, लबाट लक्ष्मण र राबाट राम हो रे । यही बजरंगबली अर्थात् हनुमानको स्मृतिमा हरेक वर्ष झन्डामेला लाग्दछ । हनुमानको झन्डामेलालाई महाविरी झन्डा भन्ने गरिन्छ । यो प्रचलन यहीबाट वा यसै क्षेत्रबाट चलेको र अन्यत्र फैलिएको विश्वास रहेको छ ।

झन्डै हरेक गाउँमा असोजको दशैँपछिदेखि र चैतको रामनवमीसम्मको अवधिमा महाविरी झन्डा मेला लगाउने चलन छ । महाविरी झन्डा मेलाको प्रचलन यस क्षेत्रमा अत्यन्त बाक्लो रहेको छ तर यसै क्षेत्रमा सीमित छ भन्ने चाहिँ होइन ।

#### ३.१०. लोरिकाइन

लोरी एक किसिमको बालगीत हो । हिन्दी सिनेमामा पनि लोरी प्रचलनमा छ । कतिपयले हलिउडसम्म पनि लोरीको विस्तार भएको दाबी गर्ने गरेका छन् ।

लोरी भन्ने शब्द लोरिकबाट जन्मेको हो । लोरिक एक वीरयोद्धा हो । यिनको वीरगाथा लोरिकायन भन्ने महाकाव्यमा लेखिएको छ जुन अहिले अप्राप्य छ । लोरिकायन महाकाव्यको विषयवस्तु अर्थात् लोरिक र भोरिकको गाथा अझै पनि समाजमा प्रचलनमा रहेको छ । के मान्यता रहेको छ भने लोरिकको जन्मथलो रौतहटको कटहरियाभन्दा उत्तरतिरको कुनै ठाउँ हुनुपर्छ ।

बालगीत जसलाई लोरी भनिन्छ, यही क्षेत्रको उपजको रुपमा रहेको विश्वास रहेको छ ।

#### ३.११. विविध

यो क्षेत्र शिवपूजक क्षेत्र पनि हो । धेरै प्राचीन शिव मन्दिरहरु यस क्षेत्रमा छन् । शिवको आराधना र शक्तिको उपासना दुवै गर्ने यस क्षेत्रमा अनेक धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यताहरु छन् । अनेक चाडपर्वहरु प्रचलनमा रहेका छन् । धार्मिक, साम्प्रदायिक र जातीय विविधताले गर्दा अनेक संस्कृति र संस्कारहरुले मौलाउने अवसर पाएका छन् । विविधतामा एकता तथ श्रमप्रति आस्था यसको मूल पहिचान बन्न पुगेको छ ।

### ४. निष्कर्ष

बज्जिका मातृभाषाको क्षेत्र विशाल रहेको छ । नेपालमा रहेको यसको भौगोलिक क्षेत्रभन्दा निकै बढी भारतमा रहेको छ । यस अर्थमा बज्जिका संस्कृतिको विशालता अझ भारतमा बढी हुनुपर्छ तर नेपालको सानो भूगोलमा भए पनि बोलिने गरेको बज्जिका भाषाको क्षेत्र अर्थात् बज्जी क्षेत्रमा संस्कृतिको विशालता छ । कतिपय संस्कृतिको उद्गमस्थल यही क्षेत्र भएको माथिका सन्दर्भहरुले पुष्टि हुन्छन् । खोजी र अनुसन्धान गर्ने हो भने बज्जिका संस्कृतिको अन्तर्यमा अझ बढी अमूल्य रत्नहरु प्राप्त हुन सक्छन् । यस प्रकारको यो पहिलो लेख भएकोले बुद्धिजीवी तथा संस्कृतिविद्हरुले यस किसिमले पनि विचार गरिनुपर्छ भन्नेतिर अब सोच्लान् ।

र, अन्त्यमा यस आलेखले बज्जिका संस्कृतिबारे चासो बढाउने र यसको अन्य पक्षको विस्तृत रुपरेखाबारे एउटा बौद्धिक बहस ल्याउने विश्वास रहेको छ ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्भा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरूसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरू बद्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरू शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES** दि,दु,थ,भ्क,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# शान्तिको सन्देश प्रवाह गर्दा खुसी



**रासस**
**लुम्बिनी ।**
नेपाल भ्रमणका क्रममा आज गौतम बुद्धको जन्मस्थल लुम्बिनी आउनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले बुद्ध जन्मस्थल लुम्बिनीबाट विश्वभर शान्तिको सन्देश प्रवाह गर्न पाउँदा अत्यन्तै खुसी लागेको बताएका छन् । उनले संसारभर भइरहेका सबै प्रकारका द्वन्द्व अन्त्यका लागि शान्तिभूमिबाट आह्वान गरेका छन् । मंगलबार बिहान पोखराबाट विशेष विमानमार्फत गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै लुम्बिनी आइपुगेका गुटरेसले विश्व सम्पदा सूचीमा सूचीकृत अशोकस्तम्भ परिसरमा आयोजित पत्रकार सम्मेलनमा भने, 'संसारभर भइरहेका द्वन्द्व अन्त्यका लागि लुम्बिनीबाट आह्वान गर्छु ।'बुद्ध जन्मस्थल लुम्बिनी आउन पाउँदा उनले खुसी व्यक्त गर्दै इजरायल, प्यालेस्टाइन, युक्रेन, सुडानलगायत देशमा भएको द्वन्द्व अन्त्य गर्न आह्वान पनि गरे । उनले विश्वभर नै जलवायु परिवर्तनले वातावरणीय क्षेत्रमा पारेको असरप्रति चिन्ता व्यक्त गरे । 'शान्ति र मानवता अपरिहर्य विषय हुन्, मानवीयता मर्न दिनु हुन्न', उनले भने, 'बुद्धका सन्देश, पञ्चशीलको सिद्धान्त र राष्ट्रसङ्घको 'मिसन' मिल्दोजुल्दो छ । यो शान्तिको मुहान लुम्बिनी घुमौँ र यहाँबाट सबैले सिकौँ ।' त्यस्तै, महासचिव गुटरेसले शान्ति दीपबाट मायादेवी मन्दिरमा पुगेर दर्शन गरेका थिए । यसअघि उनले शान्तिदीपमा दीप प्रज्ज्वलन गरे ।

शान्तिदीपबाट मायादेवी मन्दिरसम्म उनी पैदल गएका थिए । उनले वृक्षरोपणसमेत गरेका छन् । महासचिवगुटरेस लुम्बिनी विकास कोषको स्वागत समारोहमा सहभागी भए । लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यका अनुसार महासचिवलाई लुम्बिनीमा रहेका विहार, बौद्धधर्मका गुरु, भिक्षुभिक्षुणीसहित लुम्बिनी सांस्कृतिक नगरपालिकाका स्थानीय आमा समूह, थारूलगायत विभिन्न जातीय समूहले शान्ति दीपबाट मायादेवी मन्दिरको दुवैतर्फ बसेर स्वागत गरेका थिए । यसैगरी, महासचिव गुटरेसले विकास कोषमा राखिएको अतिथि आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेका छन् । महासचिवको लुम्बिनी भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचार–प्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवद्र्धधनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ ।बुद्ध जन्मस्थल लुम्बिनीमा पहिलो पटक भ्रमणमा आएका महासचिव गुटरेसलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगै संस्कृति, लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती,संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला श्रीपाली, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्यारक्याला लामालगायतले स्वागत गरेका थिए । महासचिव गुटरेसलाई लुम्बिनी विकास गुरुयोजना, उत्खनन, अन्वेषण, अनुसन्धान र ऐतिहासिक तथा पुरातात्विक महत्वका विषयमा लुम्बिनी विकास कोषले जानकारी गराइएको थियो । गुटरेस लुम्बिनी भ्रमण गर्ने राष्ट्रसङ्घका छैटौँ महासचिव हुन् । राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ मा राष्ट्रसङ्घको महासचिवका रुपमा लुम्बिनी भ्रमण गर्ने प्रथम महासचिव हुन् । राष्ट्रसङ्घका महासचिवका रुपमा थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको योजनाबद्ध विकासको सुरुआत भएको मानिन्छ ।

# जलवायु परिवर्तन असर न्यूनीकरणमा सहयोगको प्रतिबद्धता



नेपाल भ्रमणमा रहनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले नेपालमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । मंगलबार बिहान अन्नपूर्ण आधार शिविर पुगेका उनले विकसित तथा औद्योगिक राष्ट्रका कारण जलवायु परिवर्तन भइरहेको बताउँदै त्यसको नतिजा नेपालले भोगिरहेको बताए । जलवायु परिवर्तनको बढ्दो असरका सन्दर्भमा नेपालको भूमिका नभएको उनले उल्लेख गरे । विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली श्रृङ्खलाको हिउँ दिनप्रतिदिन घटिरहेको बताउँदै उनले हिउँ पग्लिएकै कारण पहिरो तथा बाढीले समुदायमा क्षति पु¥याइरहेको बताए । धनी तथा औद्योगिक राष्ट्रलाई जलवायु परिवर्तनको असर न्यूनीकरण हुने गरी प्रविधि तथा उपाय अपनाउन आह्वान गर्दै उनले नेपालमा परिहेको जलवायु परिवर्तनको असरमा सहयोग गर्न आग्रह गरे । नेपाली सेनाको हेलिकोप्टरबाट अन्नपूर्ण आधार शिविर पुगेका महासचिव गुटरेसलाई अन्नपूर्ण गाउँपालिकाका प्रमुख विष्णुबहादुर केसी, छोम्रोङ पर्यटन समितिका पदाधिकारी तथा स्थानीय पर्यटन व्यवसायीले स्वागत गरेका थिए । महासचिव गुटरेस भ्रमण दलका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधिसहित आधार शिवर पुगेका थिए । महासचिव एन्टोनियो गुटरेसले जलवायु परिवर्तनविरुद्धको अभियानमा प्रभावकारी ऐक्यबद्धता जनाउन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरेका छन् । अन्नपूर्ण आधार शिविरको स्थलगत अवलोकनबाट फर्केपछि पोखरामा पत्रकारसँगको संक्षिप्त साक्षात्कारमा उनले जलवायु परिवर्तनको असरबाट नेपाल पनि प्रभावित रहेको भए पनि जलवायु परिवर्तनका कारक तत्वहरुमा नेपाल जस्ता देशको योगदान भने नरहेको उल्लेख गरे । 'विश्वलाई म स्पष्ट रुपमा यो सन्देश दिन चाहन्छु कि प्रकृतिले झेलिरहेको यो सङ्कट रोक्न जरुरी छ', महासचिव गुटरेसले भने, 'हामीले यी सुन्दर हिमाल, हिमनदी र भूगोललाई जोगाउनै पर्छ, यसमा सबैको सहयोगको खाँचो छ ।' उनले जलवायु परिवर्तनका कारण वातावरणीय सन्तुलन खल्बलिन गई बाढीपहिरालगायत प्राकृतिक विपद्को नकारात्मक असर भोग्न स्थानीयवासी बाध्य हुनु परेको बताए । महासचिवगुटरेसले जलवायु परिवर्तनको प्रत्यक्ष असर व्यहोरिरहेका नेपाललगायत देशलाई अन्तर्राष्ट्रिय समर्थन चाहिने पनि उल्लेख गरे । 'जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको रक्षाका लागि लचिलोपन निर्माण गर्न र अनुकूलन योजनाका लागि अन्तर्राष्ट्रिय सहयोगको खाँचो छ', महासचिव गुटरेसले भने ।

# शान्ति प्रक्रियामा सघाउन पाउँदा गौरवः गुटरेस

**रासस**
**काठमाडौँ ।**
संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटरेसले दुई शक्ति राष्ट्रका बीचमा रहेको नेपालले शान्ति स्थापनामा मौलिक अभ्यास गरेको बताएका छन् । सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई मंगलबार सम्बोधन गर्दै महासचिव गुटरेसले भने, 'नेपालको शान्ति प्रक्रियामा सहयोग गर्न पाउँदा राष्ट्र सङ्घ गौरव व्यक्त गर्दछ, यस क्षणमा म नेपालका शान्ति प्रक्रियामा संलग्न नेताहरुप्रति राष्ट्र सङ्घका तर्फबाट सम्मान व्यक्त गर्दछु ।' नेपालले शान्ति प्रक्रियाअन्तर्गत सङ्क्रमणकालीन न्यायलाई अन्तिम निष्कर्षमा पु¥याउन लागेकामा शुभेच्छा व्यक्त गर्दै उनले पीडित पक्षको अधिकारको रक्षा गर्दै प्रक्रियालाई टुङ्गोमा पुर्‍याउन आग्रह गरे । महासचिव गुटरेसले विश्व आर्थिक मन्दीको चुनौतीका बीच नेपालले लैङ्गिक समताका क्षेत्रमा गरेको प्रगति र परिणाम उल्लेखनीय भएको बताए ।

# भ्रमणपर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण

**रासस**
**काठमाडौँ ।**
सगरमाथा र अन्नपूर्ण क्षेत्र तथा पोखरा र लुम्बिनी नेपालका प्रमुख पर्यटकीय गन्तव्यमा पर्छन् । पोखरा आन्तरिक र बाह्य पर्यटकका लागि प्रमुख गन्तव्य मानिन्छ भने सगरमाथा र अन्नपूर्ण क्षेत्र पर्वतारोहण र पदयात्राका लागि विश्वभर चर्चित छन् । साथै लुम्बिनी धार्मिक पर्यटनका दृष्टिले निकै महत्वपूर्ण मानिन्छ । संयुक्त राष्ट्रसङ्घका महासचिव गुटरेस नेपाल भ्रमणका क्रममा यी महत्वपूर्ण पर्यटकीय गन्तव्यमा पुग्नु र पर्यटन क्षेत्रमा जलवायु परिवर्तनका कारण परेको असरबारे विश्वको ध्यानाकर्षण गराउनुलाई महत्वपूर्ण उपलब्धिका रुपमा हेरिएको छ । मंगलबार बिहान नेपाली सेनाको हेलिकप्टरबाट अन्नपूर्ण आधार शिविर पुगेका महासचिव गुटरेसले विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली शृङ्खलाको हिउँ दिनप्रतिदिन घटिरहेको उल्लेख गर्दै हिउँ पग्लिएकै कारण पहिरो तथा बाढीले समुदायमा क्षति पु¥याइरहेको बताए । धनी तथा औद्योगिक राष्ट्रलाई जलवायु परिवर्तनको असर न्यूनीकरण हुने गरी प्रविधि तथा उपाय अपनाउन आह्वान गर्दै उनले नेपालमा परिहेको जलवायु परिवर्तनको असरमा सहयोग गर्न आग्रह गरे । संयुक्त राष्ट्रसङ्घका महासचिव 'कहाँ जानुहुन्छ ?' भन्ने विषय संसारभरका सञ्चारमाध्यमका लागि 'बिग न्युज' हुन्छ । त्यसैले महासचिव गुटरेसको नेपाल भ्रमण ऐतिहासिक हुनाका साथै पर्यटकीय विकासका दृष्टिले फलदायी हुने पर्यटन व्यवसायीको विश्वास छ ।विसं २०७९ को बुद्ध जयन्तीका दिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणयता लुम्बिनीमा भारतीय पर्यटकको सङ्ख्या बढेको छ । त्यसैगरी, २०७५ सालमा भारतीय प्रधानमन्त्रीका रुपमा मोदीको जनकपुर र मुक्तिनाथको दर्शनले पनि ती क्षेत्रमा भारतीय पर्यटक बढेका थिए ।

विश्वका प्रभावशाली व्यक्तिहरुको भ्रमणले क्षेत्रको पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने गरेको पाइन्छ ।कोराना महामारीलगायत कारण शिथिल बनेको मुलुकको पर्यटन यतिबेला कोरोना महामारी अघिको अवस्थामा फर्कने क्रममा छ । सम्भवतः नेपालमा विदेशी पर्यटक आगमन सन् २०२३ को अन्त्यसम्ममा कोरोना महामारी सुरु हुनुअघिको अवस्थामा आइपुग्छ । कोरोना महामारी सुरु हुनुअघि सन् २०१९ मा नेपालमा करिब १२ लाख विदेशी पर्यटक आएका थिए भने सन् २०२३ को आठ महिनामा करिब सात लाख विदेशी पर्यटक नेपाल आइपुगेका छन् ।यस्तो अवस्थामा महासचिव गुटरेसको नेपाल भ्रमण नेपालको पर्यटन प्रवद्र्धनका लागि कोसेढुङ्गा साबित हुने पर्यटन व्यवसायीको बुझाइ छ । उनको नेपाल भ्रमणले विश्वका अन्य पर्यटकलाई नेपाल आउने वातावरण बन्नेमा व्यवसायी ढुक्क देखिन्छन् । होटल सङ्घ नेपाल (हान) का अध्यक्ष विनायक शाह महासचिव गुटरेसको नेपाल भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताउँछन् । 'संयुक्त राष्ट्रसङ्घका महासचिव कहाँ जानुहुन्छ, के गर्नुहुन्छ र के बोल्नुहुन्छ भन्ने विषय संसारका मिडियाका लागि चासो हुन्छ र बिग न्युज बन्छ', उनले भने, 'विश्व प्रसिद्ध सर्वोच्च शिखर सगरमाथालगायतका पर्यटकीय गन्तव्यको भ्रमणले विश्वभर नेपालको प्रवद्र्धन हुन्छ, जसले नेपालप्रति विश्व समुदायको चासो बढ्छ ।' महासचिव गुटरेसको भ्रमण राजनीतिक र आर्थिक रूपमा मात्रै नभई पर्यटन प्रवद्र्धनका दृष्टिले समेत महत्वपूर्ण हुनेमा उनको विश्वास छ ।नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले पूर्ववत् लयमा फर्कन लागेको नेपालको पर्यटन क्षेत्र महासचिव गुटरेसको भ्रमणले आगामी दिनमा थप चलायमान हुनेमा विश्वास व्यक्त गरे । उनले भने, 'महासचिव गुटरेसको सगरमाथा, अन्नपूर्ण, लुम्बिनी, पोखरा र पाटन दरबार क्षेत्रलगायतका गन्तव्यको भ्रमणले नेपालको पर्यटनको विश्वभर प्रवद्र्धन भएको छ । महासचिवले गर्ने 'ट्राभल' संसारभरका सञ्चारमाध्यममा समाचार बन्छ, त्यसैले उहाँको यस भ्रमणबाट ठूलो प्रचारप्रसार भएको छ ।' महासचिव गुटरेसको खुम्बु क्षेत्रको भ्रमणले जलवायु परिवर्तनका कारण वातावरणमा परेको प्रभाव न्यूनीकरण गर्दै दिगो पर्यटन विकासमा यसले विश्वव्यापी रुपमा बहस हुने निर्देशक लामिछानेको भनाइ छ । गुटरेसले खुम्बु क्षेत्रको भ्रमणका साथै 'एभरेष्ट भ्यू' होटलमा 'लञ्च' गर्नुले विश्वभरका 'हाई इन्ड टुरिस्ट'लाई आकर्षण गर्ने पर्यटन बोर्डको विश्वास छ । छोटो समयमा संसारका अग्ला र उत्कृष्ट हिमाल पनि भ्रमण गर्न सकिने रहेछ भन्ने सन्देश पनि प्रवाह हुने भएकाले नेपालको पर्यटनका लागि महासचिव गुटरेसको भ्रमण ऐतिहासिक उपलब्धि हुने निर्देशक लामिछानेको बुझाइ छ ।जलवायु परिवर्तन र दिगो पर्यटन विकासको विषय विश्वव्यापी रुपमा उठिरहेको सन्दर्भमा महासचिव गुटरेसको भ्रमणबाट विश्वको ध्यानाकर्षण भएको हानका अध्यक्ष शाहको बुझाइ छ । 'नेपालको कूटनीतिक सम्बन्ध, संयुक्त राष्ट्रसङ्घको सदस्यको हिसाबले नेपालले गरेको प्रतिबद्धता त छँदैछ तर, यसले पर्यटन क्षेत्रलाई पनि नयाँ उचाइमा पु¥याउँछ । पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्छ ।' नेपालमा यतिबेला मुख्य पर्यटकीय याम चलिरहेको छ । दशैँ सकिएर, तिहार र छठ पर्वको माहोल छ । पदयात्रा र पर्वतारोहणका लागि विभिन्न मुलुकबाट उल्लेख्य सङ्ख्यामा पर्यटक आइरहेका छन् । आन्तरिक पर्यटन पनि चलायमान भएको छ । महासचिव गुटरेसको भ्रमणले पर्यटक बढाउन मद्दत पुग्नेमा नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानुरु शेपाले विश्वास व्यक्त गरे । साहसिक पर्यटनको आकर्षक गन्तव्यसमेत रहेको नेपालको पर्वतीय पर्यटन, धार्मिक एवं सांस्कृतिक पर्यटन प्रवद्र्धनमा गुटरेसको भ्रमणले विशेष अर्थ राख्ने उनले बताए ।



**पाटन दरबार क्षेत्र अवलोकन**
नेपालको औपचारिक भ्रमणमा रहनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले ऐतिहासिक एवं पुरातात्विक महत्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको आइतबार अवलोकन गरे । महासचिव गुटरेसलाई ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनलगायतले पाटन दरबार क्षेत्रको ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाबारे जानकारी गराए । महासचिवगुटरेस पाटन दरबार क्षेत्रमा पुग्दा धिमे बाजा र परम्परागत नृत्य प्रस्तुत गरिएको थियो । महासचिव गुटरेसले पाटन दरबार क्षेत्रको अवलोकनपछि सञ्चारकर्मीसँग सङ्क्षिप्त कुरा गर्दै नेपालका ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाको संरक्षणमा जोड दिएका छन् । उनले पुरातात्विक महत्वका सम्पदाको वास्तविक स्वरुप बिग्रन नदिन विशेष प्रयत्न गर्नुपर्ने बताए । उनले भने, 'भावी पुस्ताका लागि नेपालका यस्ता ऐतिहासिक सम्पदाको संरक्षणमा विशेष ध्यान दिनुपर्छ । यसले नेपालको भविष्य उज्ज्वल हुनेछ ।' सन् १९७८ मा पनि आफूले नेपाल भ्रमण गरेको स्मरण गर्दै नेपालको प्राकृतिक सौन्दर्य र सम्पदाबाट आफू मन्त्रमुग्ध भएको उनले प्रतिक्रिया दिए । महासचिव गुटरेसले नेपाल सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन लागेको उल्लेख गर्दै यस्ता ऐतिहासिक सम्पदाले पर्यटकलाई आकर्षित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने बताए ।

**विश्वको ध्यानाकर्षण**
महासचिव एन्टोनियो गुटरेसले नेपालको हिमालमा जलवायु परिवर्तनले पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । महासचिव गुटरेसले सोमबार खुम्बु पासाङल्हामु गाउँपालिका–४ का स्थानीय समुदायसँग जलवायु परिवर्तन र यसले स्थानीयको जनजीवनमा पारेको विषयका सम्बन्धमा अन्तरक्रिया गरेका थिए । महासचिव गुटरेसले जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप–२८)मा स्थानीयका सुझावसहित जलवायुले हिमालमा परेको असरबारे ध्यानाकर्षण गराउने उल्लेख गरेका थिए । महासचिव एन्टोनियो गुटरेसमंगलबार बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेका छन् । भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचारप्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ ।विश्वमा शान्ति स्थापनामा विशेष भूमिका खेल्दै आएको विश्व संस्था संयुक्त राष्ट्रसङ्घका महासचिवले शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएपछि लुम्बिनी क्षेत्रका बासिन्दाहरू पनि उत्साहित भएका छन् ।

# कोप–२८ मा हिमालको मुद्दाले पाउला प्राथमिकता !

**रासस**
**काठमाडौँ**
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले नेपालको औपचारिक भ्रमणका क्रममा जलवायु परिवर्तनको विषयमा प्राथमिकताका साथ चासो व्यक्त गरेका छन् । चारदिने भ्रमणका क्रममा आइतबार नेपाल आइपुगेका उनले सबै भेटवार्तामा नेपालमा जलवायु परिवर्तनले पारेको असरबारेमा छलफल गरेका छन् । विश्व तापमान वृद्धिका कारण संसारको अग्लो शिखर सगरमाथालगायत उच्च हिमाल पग्लदै गएको सम्बन्धमा महासचिव गुटरेसले विशेष चासो व्यक्त गरेका हुन् । उनले सोमबार सगरमाथा क्षेत्रको भ्रमण गरी जलवायु परिवर्तनले दैनिक जीवनमा असर पारेका स्थानीय समुदायसँग कुराकानीसमेत गरेका छन् । महासचिव गुटरेसले खुम्बु पासाङल्हामु गाउँपालिका–४ का स्थानीय समुदायसँग आगामी जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप–२८)मा स्थानीयका समस्या र सुझावसहित जलवायुले हिमालमा परेको असरबारे ध्यानाकर्षण गराउने उल्लेख गरेका थिए । उनले विश्वको प्रदूषण वृद्धिमा धनी देशहरुको भूमिका रहेको तर खुम्बु पासाङल्यामु गाउँपालिका जस्ता दुर्गम स्थानमा नकारात्मक असर पर्नु दुःखद् भएको बताएका थिए ।




यसैगरी महासचिव गुटरेसले मंगलबार अन्नपूर्ण आधारशिविर पुगेर नेपालमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले विकसित तथा औद्योगिक राष्ट्रका कारण जलवायु परिवर्तन भइरहेको बताउँदै विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली शृङ्खलाको हिउँ दिनप्रतिदिन घटिरहेको उल्लेख गरे । धनी तथा औद्योगिक राष्ट्रलाई जलवायु परिवर्तनको असर न्यूनीकरण हुने गरी प्रविधि तथा उपाय अपनाउन आह्वान गर्दै उनले नेपालमा परिरहेको जलवायु परिवर्तनको असर न्यूनिकरणमा सहयोग गर्न आग्रहसमेत गरे । जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप)मा नेपालले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले तुलनात्मक रुपमा बढी असर पारेको मुद्दालाई प्राथमिकताका साथ उठाउँदै आएको छ । कोप–२८ आगामी मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख)सम्म संयुक्त अरब इमिरेट्सको दुबईमा हुँदैछ । वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले महासचिव गुटरेसले भ्रमण क्रममा जलवायु परिवर्तनको विषयलाई प्राथमिकता दिएकाले कोप–२८ मा नेपाललाई आफ्ना मुद्दा उजागर गर्न सहज हुने बताए ।

# औद्योगिक करिडोरमा विद्युत् आपूर्तिको प्रयास

**रासस**
**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणले कोशी प्रदेशका मोरङ र सुनसरी जिल्लाका औद्योगिक करिडोरमा यस वर्ष भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिका लागि अधिकतम प्रयास गरिरहेको छ । प्राधिकरणले त्यस क्षेत्रका औद्योगिक र अन्य ग्राहकलाई भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिका लागि प्रसारण तथा वितरणतर्फका चालु लाइन सुधार गर्ने, नयाँ लाइन बनाउने, सबस्टेसनको क्षमता स्तारोन्नत्ति गर्ने र नयाँ सबस्टेसन निर्माणलाई योजनाबद्धरूपमा अगाडि बढाएको हो । मोरङ र सुनसरीका उद्योगीहरूले गर्मीयाममा उद्योगहरूमा पटक–पटक लाइन जाने र आउने (ट्रिपिङ) हुने गरेको गुनासो गर्दै आएकाले प्राधिकरणले त्यहाँको औद्योगिक करिडोरमा विद्युत् आपूर्तिका लागि सुनसरीको दुहवीस्थित एक सय ३२ केभी ग्रिड सबस्टेसनको भार (लोड) घटाउने पुरानो लाइनको सुधार र थप लाइनको सबस्टेसन निर्माण गरिरहेको छ । केहीअघि सञ्चालनमा आएको सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–४ स्थित चार सय केभी क्षमताको इनरुवा सबस्टेसनबाट विद्युत् आपूर्ति दिनका लागि प्रसारण तथा वितरणतर्फका लाइन र सबस्टेसन निर्माणाधीन छन् । इनरुवा ४००, २२०, १३२ र ३३ केभी प्रणालीमा आधारित सबस्टेसन भएकाले त्यहाँबाट स्थानीय रूपमा विद्युत् आपूर्ति गर्न सकिने छ । यसले गर्दा दुहबी सबस्टेसनमा हाल रहेको विद्युत् आपूर्तिको भार घट्ने छ । अरुण तथा तमोर नदी र तिनीहरूका सहायक खोलानालामा निर्माण गरिएका÷हुने जलविद्युत आयोजनाबाट उत्पादित विद्युत् कोशी करिडोर २२० केभी प्रसारण लाइनमार्फत इनरुवा सबस्टेसनमा जोडिने छ । ताप्लेजुङ, पाँचथर र इलाम जिल्लास्थित खोलामा उत्पादित विद्युत् काबेली करिडोर प्रसारण लाइनहुँदै झापाको दमकमा आउने छ । यसले गर्दा त्यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि स्रोतको अभाव छैन । सुनसरी र मोरङको विद्युत् आपूर्तिमा सुधार र एक सय ३२ केभीको दुहवी तथा विराटनगर क्षेत्रमा रहेका ३३÷११ केभी रानी र टङ्किसिनुवारी सबस्टेसनहरूको भार घटाउन एक सय ३२ विराटनगर सबस्टेसन निर्माणाधीन छ । सुनसरीको बर्जु गाउँपालिकामा निर्माणाधीन सबस्टेसनसम्म विद्युत् पुऱ्याउनका लागि इनरुवा सबस्टेसनबाट एक सय ३२ केभी प्रसारण लाइन निर्माण भइरहेको छ । ठेकेदार कम्पनी सानडोङ ताइकाई इञ्जिनीयरिङ र मुडभरी एण्ड जोशी कन्ट्रक्सनको संयुक्त उपक्रमको कमजोर कार्यसम्पादनका कारण सबस्टेसन निर्माणमा ढिलाइ भइरहेको छ । सबस्टेसनमा रहने उपकरण राख्नका लागि अधिकांश संरचना निर्माण भइसकेका र अधिकांश उपकरण पनि निर्माणस्थलमा आपूर्ति भइसकेका छन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले केहीअघि निर्माणस्थलको अनुगमन गरी आगामी फागुनभित्र निर्माण सम्पन्न गर्न निर्देशन दिए । आगामी फागुनभित्र निर्माण सम्पन्न गर्न नसकिए विद्युत् उपलब्ध भएर पनि आपूर्ति दिन नसकी बाध्यकारी लोडसेडिङ गर्नुपर्ने अवस्था आउसक्ने भएकाले अवधिमा आयोजनाको काम नसकिएमा ठेक्का सम्झौताबमोजिम कारबाही गर्ने चेतावनी ठेकेदारलाई दिए । त्यस क्षेत्रका औँद्योगिक करिडोरमा रहेको विद्युत् आपूर्तिका समस्या समाधन गर्न भइरहेका कामको जानकारी दिन उद्योग सङ्गठनका अध्यक्ष राकेश सुरानालाईसमेत टोलीमा सहभागी गराइएको थियो ।

'यस वर्ष सुनसरी र मोरङमा सञ्चालित उद्योगलाई विश्वसनीय र गुणस्तरीय विद्युत् आपूर्तिका लागि अधिकतम प्रयास गरिरहेका छौँ, विकल्पहरू धेरै छन्, सञ्चालित योजना गर्मी सुरु हुनुभन्दा पहिले नै सक्नु बाध्यकारी अवस्थामा छौँ', कार्यकारी निर्देशक घिसिङले भने, 'यसका लागि जनशक्ति थप्नुहोस्, स्थानीय रूपमा भइरहेका अवरोध हटाउन स्थानीय तहका जनप्रतिनिधि, प्रशासन, उद्योगी व्यसायीहरूलगायतको साथ र सहयोग आवश्यक छ ।'

इनरुवा–विराटनगर २३ किलोमिटर १३२ केभी प्रसारण लाइनमा पर्ने ८० वटा टावरमध्ये ७३ वटाको जग हालिएको छ । बहत्तर वटा खडा गरिएको छ । प्रसारण लाइनको तार आपूर्ति भइसकेको छ । स्थानीयवासीको अवरोधका कारण दुई वटा र प्राविधिक समस्याले पाँच वटा टावर निर्माण हुनसकेको छैन । इनरुवा सबस्टेसनबाट खनारसम्म ३३ केभी डबल सर्किट लाइन निर्माण अन्तिम चरणमा छ । यो लाइन सञ्चालनमा आएपछि दुहवी सबस्टेसनको करिब ४० मेगावाट भार घटाउन सकिने छ । इनरुवाबाट पुरानो इनरुवा सबस्टेसम्म हाल रहेको ३३ केभी सर्किटको लाइनमा अर्को सर्किट निर्माणाधीन छ । यसले पनि दुहवी सबस्टेसनको भार घटाउने छ । इनरुवा–दुहवी एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको तार फेरेर क्षमता वृद्धिको प्रक्रिया अगाडि बढाइएको छ । झापा, मोरङ र सुनसरीको विद्युत्को माग धान्न दमकबाट विराटनगर सबस्टेसनसम्म एक सय ३२ केभी प्रसारण लाइन निर्माण प्रक्रिया अगाडि बढाइएको छ । करिब ६५ किलोमिटर लाइन दमकबाट मोरङको कानेपोखरी गाउँपालिकास्थित केरौन, सुनसरीको दुहवीहुँदै विराटनगर सबस्टेसनमा जोडिने छ । लाइन निर्माण भएपछि झापा, मोरङ र सुनसरीमा विद्युत् आपूर्तिका लागि १३२ केभीको रिङ बन्ने छ । जसले विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित बनाउने छ ।



# प्लास्टिकजन्य सामग्री विस्थापित गर्न गाउँमा टपरी उद्योग



**रासस**
**गोरखा ।**
ग्रामीण क्षेत्रमा बढ्दो प्लास्टिकजन्य सामग्रीलाई विस्थापित गर्न महिलाले व्यावसायिक टपरी उद्योग सञ्चालनमा ल्याएका छन् । गोरखाको सहिद लखन गाउँपालिका–७ बुङ्कोटस्थित खाब्दीभन्ज्याङमा महिलाले टपरी उद्योग सञ्चालनमा ल्याएका हुन् । बुङ्कोट सामुदायिक सेवा केन्द्रले लगनशील आयआर्जन महिला समूहमा आबद्ध महिलाको सहभागितामा उद्योग सञ्चालनमा ल्याएर सालको पातबाट टपरी, बोतालगायत उत्पादन गर्न सुरु गरेको केन्द्रकी अध्यक्ष दुर्गा गरन्जा मगरले बताइन् । पालिकाभित्र अधिकांश भोजभतेरमा प्लास्टिकबाट बनेका सामग्री प्रयोग हुन थालेपछि त्यसलाई विस्थापित गर्न टपरी उद्योग सञ्चालनमा ल्याइएको हो । 'पछिल्लो समय भोजभतेरमा मात्र होइन हरेकजसो चिया पसल र घरको भान्सामा समेत प्लास्टिकका गिलास, प्लेट चम्चाको प्रयोग बढ्न थाल्यो', उनले भनिन्, 'प्लाटिकबाट बनेका सामग्री प्रयोग गरिसकेपछि त्यसको व्यवस्थापनमा कठिनाइ हुने, वातावरण पनि प्रदूषित हुने भएकाले सालको पातबाट बनेको टपरी र बोता प्रयोगमा प्रोत्साहन गर्न उद्योग सुरु गरिएको छ ।' प्लास्टिकका प्लेट, गिलास, चम्चालगायतका सामान प्रयोग गर्दा मात्र नभई नष्ट गर्दा समेत त्यसबाट निस्कने प्रदुषणले स्वास्थ्यमा असर पुर्याउने हुँदा सालको पातबाट बनाइएका सामग्री प्रयोग गर्नु राम्रो हुने भएकाले जङ्गलमा खेर गइरहेका पातबाट गाउँमै दुना, टपरीलगायत उत्पादन गर्न थालिएको अध्यक्ष मगरको भनाइ छ ।

'हाम्रा सामुदायिक वनमा खेर गइरहेका सालका पात अहिलेसम्म हामीलाई पैसा पर्दैन', उनले भने, 'बिरुवाको संरक्षण गरेर पात सहजै ल्याउन सकिन्छ, त्यसबाट टपरी र बोता उत्पादन गर्यौं भने दिदीबहिनीको खेर गइरहेको समय पनि सदुपयोग हुने, आयआर्जन पनि हुने र प्लास्टिकजन्य सामग्रीको प्रयोग गर्न पनि पर्दैन ।' उद्योगबाट स्थानीय महिलाको आयआर्जन वृद्धिमा सहयोग पुग्ने केन्द्रकी परिचालक गीता श्रेष्ठले जानकारी दिइन् । 'दुई लाख रुपैयाँमा मेसिन खरिद गरेर उद्योग सुरु गरिएको हो', उनले भनिन्, 'फुर्सदको समयमा समूहका सदस्यले जङ्गलबाट पात सङ्कलन गरेर ल्याउने र मेसिनबाट टपरी उत्पादन गर्ने गर्छौं ।' महिला समूहमा १४ महिला आबद्ध छन् । उद्योगबाट अहिले टपरी बोता (दुना)लगायत उत्पादन गर्ने गरिएको छ । उत्पादित टपरी प्रतिगोटा सात रुपैयाँ र बोता प्रतिगोटा पाँच रुपैयाँमा बिक्री हुने गरेको श्रेष्ठले जानकारी दिए । उत्पादन गर्नसके बजारको समस्या नरहेको उनको भनाइ छ । 'अहिलेसम्म बजारको कुनै समस्या भएको छैन, जति उत्पादन भयो त्यति बिक्री भइरहेको छ', श्रेष्ठले भनिन् । उद्योगमा उत्पादित सामग्री स्थानीयस्तरमा नै खपत हुने गरेको उनले बताइन् । उद्योगमा टपरी र बोता उत्पादन गरेर राख्ने र माग भएपछि बजारमा पठाउने गरिएको छ । 'महिला समूहका दिदीबहिनी वनमा गएर सालको पात टिपेर ल्याउनुहुन्छ, उत्पादित सामग्री बिक्रीबाट हुने आम्दानी महिला समूह र सिकाइ केन्द्रले लिने गरेको छ', उनले भनिन् ।

चाडपर्व, विवाह, व्रतबन्ध, भोजभतेरलगायत सामूहिक कार्यक्रम गर्दा स्थानीयस्तरमा उद्योगमा उत्पादित सामग्री बिक्री हुँदै आएको छ । स्थानीवासी सचेत भएका कारण पनि उत्पादित सामग्रीको बजार समस्या नहुने श्रेष्ठले विश्वास व्यक्त गरिन् । पर्याप्त प्रचार–प्रसार गर्न सके यसको माग अझै बढ्न सक्ने छ । जुनसुकै ठाउँबाट माग आए पनि सामान उत्पादन गरी पुर्याउन सकिने उद्योगले जनाएको छ ।

# इजराइलद्वारा युद्धविराम अस्वीकार



**एएफपी**
**जेरुसेलम ।**
इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले सोमबार हमासविरुद्ध युद्धविराम गर्न स्पष्टरूपमा अस्वीकार गरेका छन् । 'युद्धविराम गर्नु भनेको हमास र आतङ्कवादसँग आत्मसमर्पण गर्नु हो', युद्धविरामका लागि संयुक्त राष्ट्रसङ्घीय एजेन्सीहरूको माग अस्वीकार गर्दै उनले भने । 'यस्तो हुने छैन', विदेशी पत्रकारहरूसँग कुरा गर्दै उनले भने, 'इजराइलले विजय नभएसम्म यो लडाइँ लडिरहने प्रतिज्ञा गरेको छ ।' अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूह हमासले आफ्नो भूमिमा आश्चर्यजनक हमला गरेपछि इजराइलले हमासविरुद्ध युद्धको घोषणा गरेको छ । हमासले गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सय जना मारिएका थिए भने दुई सय ३० नागरिकलाई बन्धक बनाएको थियो । त्यसयता इजराइलले हमास शासित गाजाविरुद्ध ठूलो हवाई बमबारी अभियान चलायो । गाजाभित्र भने लामो समयदेखि अपेक्षित स्थल युद्ध भइरहेको थियो । सेनाले उत्तरी गाजा क्षेत्रमा इजराइली पैदल सेनाको तस्बिर जारी गरेको छ । सोमबार प्रत्यक्षदर्शीहरूले गाजाको बाहिरी भागमा ट्याङ्कहरू रहेको बताएका छन् । इजराइलले २४ घन्टामा छ सय लक्ष्यमा निशाना बनाएको बताएको छ । यो अहिलेसम्मको सबैभन्दा ठूलो बमबारीमध्येको एक हो । सेनाले हमासबाट हराइरहेकी एक महिलालाई बचाएको बताएको छ । प्रधानमन्त्री नेतान्याहूले युद्धले हमासलाई 'समाप्त' पार्ने वाचा गरेका छन् । उनका अनुसार हमास समाप्त भएपछि यस्ता समूहका हमलाहरू दोहोरिने सम्भावना हुँदैन । इजराइलले अक्टोबर ७ मा हमास र अन्य प्यालेस्टिनी लडाकू समूहले बन्धक बनाएका बन्धकहरूलाई मुक्त गर्ने पनि प्रतिबद्धता व्यक्त गरेको छ । संयुक्त राष्ट्रसङ्घले बारम्बार मानवीय युद्धविरामको आह्वान गरेको छ । सोमबार प्यालेस्टिनी शरणार्थीका लागि राष्ट्रसङ्घीय एजेन्सी युएनआरडब्दुले इजराइलले घेराबन्दी गरेको क्षेत्रमा मानवीय सहयोग पूरा गर्न अपर्याप्त रहेको भन्दै सीमित सङ्ख्यामा ट्रकहरू प्रवेश गरेको बताएको थियो ।

**इजराइल–हमास युद्धमा ३१ पत्रकार मारिए**

अक्टोबर ७ यता इजराइल–हमास युद्धमा ३१ पत्रकार मारिएको पत्रकारहरूको सुरक्षाका लागि गठित समितिले पुष्टि गरेको दि टाइम्स अफ इजराइलले बताएको छ । मारिने पत्रकारहरूमा २६ प्यालेस्टिनी, चार इजराइली र एक लेबनानी रहेका छन् । यसका अतिरिक्त आठ पत्रकार घाइते भएका छन् भने नौ जना हराएका वा पक्राउ परेका छन् । कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सीपीजे) को प्रतिवेदन उद्धृत गर्दै टाइम्स अफ इजराइलले पत्रकारहरूले लगातार हमला, पक्राउ, धम्की, सेन्सरसिप र परिवारका सदस्यको हत्याको सामना गर्नुपरिरहेको बताएको छ । ती पत्रकारहरूमध्ये २६ जना गाजामा र तीमध्ये पनि अक्टोबर ७ मा इजराइलमा हमासको हमलाका क्रममा चार जना मारिएका थिए । हिज्बुल्लाहलाई लक्षित गरी गरिएको इजराइली गोलाबारीमा लेबनानमा एक पत्रकारको मृत्यु भएको थियो । 'सीपीजेले अन्य पत्रकारहरू मारिएको, बेपत्ता बनाइएको, हिरासतमा राखिएको, चोटपटक वा धम्की दिइएको र मिडिया कार्यालयहरू तथा पत्रकारहरूको घरमा क्षति पुर्याएको धेरै अपुष्ट रिपोर्टहरूको पनि अनुसन्धान गरिरहेको छ', सीपीजेले भनेको छ ।

'पत्रकारहरू सङ्कटको बेला महत्वपूर्ण काम गर्ने नागरिक हुन् र उनीहरूलाई युद्धरत पक्षहरूले निशाना बनाउन हुँदैन भन्नेमा सीपीजे जोड दिन्छ', सीपीजेको मध्यपूर्व तथा उत्तर अफ्रिका कार्यक्रम संयोजक सेरिफ मन्सुरले भने ।

# नेपाल एक खेल अगावै सेमिफाइनमा




**मधेद्दष्टि**
**वीरगंज ।**
आइसिसी ट्वान्टी–२० विश्वकप एसिया छनोटअन्तर्गत मंगलबार भएको खेलमा नेपालले मलेसियालाई छ विकेटले पराजित गरेको छ । जारी प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जीत हो । यसअघि सोमबार भएको पहिलो खेलमा नेपालले सिंगापुरलाई आठ विकेटले पराजित गरेको थियो । कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको मलेसियाले प्रस्तुत गरेको एक सय ६६ रनको लक्ष्य नेपालले १८ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालको जीतका लागि कुशल मल्लले बिस्फोटक ब्याटिङ गर्दै अर्धशतकीय पारी खेले । उनले ३४ मा सात छक्का र दुई चौकासहित ६५ रन बनाए । साथै ओपनर कुशल भुर्तेलले चार छक्का र चार चौकाको सहयोगमा महत्वपूर्ण ४३ रन र आशिफ शेखले दुई छक्का र एक चौकाको सहयोगमा ३२ रन बनाए । त्यसैगरी सन्दीप जोराले १८ र कप्तान रोहित पौडेल र विवेक यादवले दुई/दुई रन बनाए ।

मलेसियाका लागि मोहम्मद अमिरले तीन र पवनदीप सिंहले एक विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ६५ रन बनायो । मलेसियाले राम्रो सुरुवात गरे पनि मध्यक्रमका ब्याटर चल्न सकेनन् । उसका लागि ओपनर एवम् विकेटकिपर सैयद अजिजले सर्वाधिक ६८ रन बनाए । उनले ४९ बलमा दुई छक्का र आठ चौका प्रहार गरे । साथै जुवैदी जुल्किल्फले २४, शाविन मेनाइडी र विजय उन्नीले समान १३÷१३ रन बनाए । नेपालका लागि अविनाश बोहोराले चार विकेट लिए भने सन्दीप लामिछाने, गुलसन झा रोहित पौडेलले एक/एक विकेट लिए । नेपाल प्रतियोगिताको समूह 'ए' मा छ । नेपालको समूहमा सिंगापुर, मलेसिया, ओमान छन् भने समूह 'बी'मा संयुक्त अरब इमिरेट्स (यूएई), हङकङ, बहराइन र कुबेत छन् । नेपालले तेस्रो खेल यही कात्तिक १६ गते विहीबार ओमानसँग खेल्नेछ ।

# बन्धक छुटाउन थाई विदेशमन्त्रीको कतार र इजिप्ट यात्रा

**एएफपी**
**बैङ्कक ।**
इजराइलमाथिको हमलामा हमासद्वारा बन्धक बनाइएका २२ थाई नागरिकका बारेमा कुराकानी गर्न मङ्गलबार थाइल्यान्डका विदेशमन्त्री पर्णप्री बहिद्धा–नुकाराले कतार र इजिप्टको आकस्मिक भ्रमण गरेका छन् । इजराइली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा गाजापट्टीबाट हमासले इजराइलमा गरेको आक्रमणमा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयभन्दा बढी मानिस मारिएका छन् । जवाफमा इजराइली सेनाले गाजामा हमला गरेको छ । हमलामा तीन हजारभन्दा बढी बालबालिकासहित आठ हजार तीन सय मानिस मारिएको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ । पछिल्लो तथ्याङ्कानुसार गाजामा हमासले दुई सय ३० जनालाई बन्धक बनाएको छ । थाई विदेशमन्त्रालयका अनुसार तीमध्ये २२ जना थाई नागरिक छन् । प्रधानमन्त्री श्रेथा थाभिसिनले सोमबार थाई नागरिकहरूलाई स्वदेश फर्काउन कडा मेहनत गरिरहेको बताएका थिए । उनले बुधबार इजिप्टका विदेशमन्त्रीसँग कुराकानी गर्नुअघि मङ्गलबार कतारका प्रधानमन्त्री र विदेशमन्त्रीसँग भेट्नका लागि विदेशमन्त्री पर्णप्रीलाई कतार पठाएका छन् ।

पर्णप्रीले इजराइल र गाजामा जारी हिंसाका कारण बन्धक बनाइएका थाई नागरिकको स्थितिका बारे कुराकानी गर्नुहुने विदेश मन्त्रालयले एक विज्ञप्तिमा उल्लेख गरेको छ । द्वन्द्व सुरु हुँदा इजराइलमा करिब ३० हजार थाईले काम गरिरहेका थिए । तीमध्ये अधिकांश कृषि क्षेत्रमा संलग्न थिए । मन्त्रालयका अनुसार द्वन्द्वमा कम्तीमा ३२ थाई नागरिकको मृत्यु र १९ जना घाइते भएका थिए । 'हामी युद्धका पीडितहरू जस्तै छौँ', छिमेकी मुलुक लाओसको भ्रमण गर्नुअघि सोमबार प्रधानमन्त्री श्रेथाले पत्रकारहरूसँग भने, 'इजराइलमा अन्य देशको तुलनमा थाई नागरिक धेरै भएकाले हामी सबैभन्दा बढी प्रभावित भएका छौँ ।'

## २०३४ को फिफा विश्वकप साउदी अरेबियामा हुने पक्का

**मधेशद्दष्टि**
**वीरगंज ।**
सन् २०३४ को विश्वकप फुटबल साउदी अरेबियामा हुने पक्का जस्तै भएको छ । अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाले यसको औपचारिक घोषणा गर्न भने बाँकी छ । एसिया वा ओसिआनामा २०३४ को विश्वकप आयोजना गर्ने निर्णय गरेको फिफाले आयोजनाका लागि प्रस्ताव गर्न दिएको समय सीमा आज बुधबारसम्म छ ।

समय सकिनु केही घन्टाअघि फुटबल अष्ट्रेलियाले २०३४ को विश्वकप आयोजनाका लागि प्रतिस्पर्धा नगर्ने निर्णय गरेको छ ।

सन् २०२६ को महिला एसियन कप र २०२९ को क्लब वल्र्ड कप आयोजनामा केन्द्रित हुन यो निर्णय लिएको अष्ट्रलियाले बताएको छ । अष्ट्रेलियाले यसैपालि महिला विश्वकप फुटबल पनि आयोजना गरिसकेको छ । अष्ट्रेलियाले २०३४ को विश्वकप आयोजनामा दाबी नगर्ने निर्णय गरेसँगै विश्वकप आयोजनाको दौडमा साउदी अरेबिया एक्लै देखिएको छ ।

यो अधिकार साउदीले पाएमा १२ वर्षमै दोस्रो पटक एसियामा विश्वकप आयोजना हुने छ ।

# आरोप झुटो र भ्रामक होः साह

**प्रमोद कुमार साह**
**जनकपुरधाम ।**
बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्ष शितल साहले केही कर्मचारीले लगाएको आरोप सरासर झुटो र भ्रामक रहेको बताएका छन् ।




मंगलबार नेपाल पत्रकार महासंघ धनुषाको सभाकक्षमा आयोजना गरिएको पत्रकार सम्मेलनमा अध्यक्ष साहले कर्मचारीहरुले कार्यालयमा प्रवेश निषेध गरिएको बारे अतिरञ्जित रुपमा आएको समाचारप्रति ध्यानाकर्षण भएको जनाएका छन् ।नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय कोषाध्यक्ष समेत रहेका परिषदका अध्यक्ष साहले कर्मचारीहरुको स्वार्थपूर्ती नहुँदा मेरो चरित्र हत्या गर्ने षडयन्त्र गरेको आरोप लगाए ।'परिषदको अध्यक्षको पद सम्हालेदेखि आजको दिन सम्म (करीब १५ महिना) मैले तलब, भत्ता, संचार, इन्धन लगायत कुनै पनि किसिमको आर्थिक लाभ नलिई अहोरात्र परिषदकै कार्यमा खटि रहने म शितल साह माथि लगाईएको आरोपहरु विल्कुल निराधार हुन, मेरो चरित्र हत्या गर्ने षडयन्त्र हो, मैले कुनै अपराध गरेको भए भगवान नै साक्षी छ र रही रहने छ ।,',उनले बताए ।
उनले बृहतर जनकपुर क्षेत्र बिकास परिषदमा कार्यरत कर्मचारीहरुलाई २०८० सालको श्रावण, भाद्र, असोज र चाडपर्व खर्च उपलब्ध गराउने सम्वन्धमा मैले परिषदको अध्यक्षको नाताले परिषदको निमित्त निर्देशक मनिष झालाई बारम्वार मौखिक रुपमा भनि रहँदा रहदै पनि अटेर गर्ने गरेकोले मिति २०७०÷०४÷२५ गते नै पत्र मार्फत नियमानुसार बैठक बोलाउन लिखित निर्देशन दिएको बताए । उनले भने, '२०८० भाद्र १ गते परिषदको कार्यालयमा परिषदको कार्यकारी समितिको बैठक र धनुषाको लालगढ अस्पतालको सभा कक्षमा २०८० भाद्र २ गते परिषदको बैठक बोलाउनु पर्नेमा निमित्त निर्देशक मनिष झा २०८० भाद्र १ गते परिषदको कार्यालयमा उपस्थित हुँदा हुँदै पनि परिषदको कार्यकारी समितिको बैठकमा नआएको र वैठकको माईनट पुस्तिका समेत निज निमित्त निर्देशक झाले लुकाई हिडेको हुँदा ११ सदस्यिय कार्यकारी समिति मध्ये उपस्थित ६ जना पदाधिकारीहरु उपस्थित भई सादा कागजमा उपस्थिति जनाई निमित्त निर्देशक मनिष झाको उपरोक्त बमोजिमको गैर जिम्मेवारी व्यवहारको लागि बृहत्तर जनकपुर क्षेत्र बिकास परिषदको नियमावलीमा गरिएको व्यवस्था अनुसार सम्वन्धित निकायमा कारवाहीको लागि सिफारिस गर्ने निर्णय समेत भएको छ ।' परिषद अन्तरगत कार्यरत जनशक्तिको तलव भत्ता लगायत प्रशासनीक व्यवस्थापन कार्यकारी निर्देशकले गर्ने हो न की परिषदको अध्यक्ष वा कार्यकारी समितिले उनले प्रश्न गरेका थिए । तथापी परिषदको समग्र व्यवस्थापनको धरातलिय जिम्मेवारी बोकेकै कारण दशै तिहार जस्तो महान चाडपर्वमा समय मै कर्मचारीहरुको तलव तथा नियमानुसार पाउने सुविधा समय मै उपलब्ध गराउन मैले प्रयास गरेकै बताउदै कार्यरत केहि कर्मचारीहरुको उक्साहटमा लागि आफ्नो पदिय जिम्मेवारी बोध नगर्ने निमित्त कार्यकारी निर्देशक मनिष झाको बेवास्ताका कारण तलब तथा चाडवाड खर्च समयमा उपलब्ध गराउन नसकेको यर्थात रहेको बताए । बृहत्तर जनकपुरक्षेत्र बिकास परिषदको ऐन, २०५५ को दफा १७ (२) बमोजिम परिषदको कार्यकारीको जिम्मेवारीमा कर्मचारी खटाउने जिम्मेवारी नेपाल सरकारको रहेको हुँदा मैले आउन नदिएको भन्ने आरोप विल्कुल निराधार हो उनले भने, उपरोक्त बमोजिम खन्डन गरिएको यर्थात बिवरणहरुको प्रमाण परिषदमा सुरक्षित रहेको हुँदा मैले खन्डन गरे भन्दा अन्य भए पेश गर्न सरोकारीत पक्षलाई चुनौती दिन्छु । साथै परिषदको समग्र सुशासन प्रवद्र्धन हेतु मैले आफ्नो फेस बुक मार्फत मिति २०७९ चैत्र २५ गते (२०२३ अप्रिल ८) सार्वजनिक रुप मै सुशासन प्रवद्र्धनका केहि सुचकहरु कार्यान्वयन गर्न अनुरोधात्मक सुचना जारी गरेको छु । यति मात्र होइन, कतिपय सवालमा भने सम्वन्धित कर्मचारीलाई लिखित निर्देशन दिदाँ दिदै पनि हाल सम्म अनुभुतियोग्य नतिजा प्राप्त गर्न सकिएको छैन ।'
अध्यक्ष साहले आर्थिक वर्ष २०७९÷०८० को पुजीगत रकमको खर्च नहुनुमा अध्यक्ष नभई कार्यकारी निर्देशक तथा सम्वन्धित कर्मचारी नै जिम्मेवार रहेको बताए । थप आर्थिक भार पर्ने करारका कर्मचारीहरुको म्याद थप नगर्ने सम्वन्धी नेपाल सरकारको सर्कुलर रहेको हुँदा परिषदको मिति २०७९ असोज ११ गतेको कार्यकारी समितिको नीतिगत निर्णय अनुसार करारका प्राविधिक कर्मचारीहरुलाई नियमानुसार काममा नलगाउने निर्णय गरिएको हो ,उनले भने,'साथै कार्यकारी समितिको २०७९ फाल्गुन ५ गतेको निर्णय अनुसार नियमानुसार कार्य सञ्चालन गर्न गराउन कर्मचारीहरुलाई जिम्मेवारी तोकिएको थियो तत् पश्चात पनि उक्त आ.व.को पुँजीगत खर्चवाट संचालन हुने कार्यहरु सेवा प्रदायकवाट गराउने परिषदको निर्णय बिपरीत केही कर्मचारीले आफ्नो नातागोताको करारका प्राविधिक कर्मचारीहरुको म्याद थप नगर्दा न आफु काम गर्ने न अरुवाट हुन दिने अडान राखेकोले उत्त आ.व.मा कर्मचारीको तलव भत्ता वाहेक कुनै पनि पुँजीगत खर्च नभएको सही नै हो ।' साहले सेवा प्रदायकवाट नियमानुसार सेवा लिने प्रयोजनार्थ पुजीगत खर्चका केही योजनाहरुको सर्भे, डिजाईन तथा लागत अनुमान तयार गराई सरकारी ईन्जिनियर समेत व्यवस्था गर्दा गर्दै पनि केही कर्मचारीहरुले अवरोध पैदा गरी काम हुन नदिएको बताउदै तलब तथा अन्य सुविधा नियमानुसार चाहिने तथा काम गर्नलाई विभिन्न किसिमका राजनिति गरी रमाई रहने त्यसता कर्मचारीहरुको कारण परिषदले आफ्नो पहिचान कायम गरी रहन चुनौती झेल्नु परेको बताए ।
जनकपुरधाम स्थित जानकी मन्दिर अगाडी रहेको रघुपति मिष्ठान भन्डारको बिचमा जडान गरिएको डिजिटल डिस्प्ले वोर्ड जडान सम्वन्धमा आफनो गम्भिर ध्यानाकर्षण भएको जनाउदै उनले आफनो छोरा मार्फत भुक्तानी लिने गरेको निराधार आरोप रहेको बताए ।
वृहत्तर अध्यक्ष साहले भने,'स्पष्ट के पार्न चाहन्छु भने आज सम्म रघुपति मिष्ठान भन्डारको बिचमा जडान गरिएको डिजिटल डिस्प्ले बोर्ड तथा विज्ञापन वापत म लगायत मेरो कुनै नातेदारको फर्मले भुक्तानी लिएको छैन । छ भने कपोलकल्पित आरोपको खेति गर्ने मनुवाहरुलाई प्रमाण पेश गर्न चुनौती दिन्छु । उक्त वोर्ड निशुल्क रुपमा विवाह पञ्चमीमा मेला भर्ने साधु सन्त तथा आम धर्मावलम्वीहरुमा जनकपुरधामको बारेमा जानकारी उपलब्ध गराउनु हो । यसरी निशुल्क रुपमा जनकपुरधामको प्राचिनता, मौलिकता तथा साँस्कृति पक्षहरुको प्रचार प्रसार गर्नु गराउनु अपराध हो भने म अपराधी नै हो अन्यथा म माथी नाँगो आरोप लगाउनेहरुलाई छानविनको दायरा भित्र ल्याउन जरुरी छ ।' उनले पदिय जिम्मेवारी पाएकै कारण ८ वर्ष देखि बिजुलि वत्ति विहिन (बिग्रेको कारण) वारह विग्हामा विजुली बत्ति मर्मत तथा संचालनको परिषदका कर्मचारीहरुद्वारा तयार पारिएको २० लाख (बति मर्मतको) र ३३ लाख (ग्राउण्ड क्लीनिगँ तथा ग्रेडिन्ग कार्य) मा बत्ति जम्मा १ लाख नब्बे हजार तथा ग्राउण्ड क्लीनिगँ तथा ग्रेडिन्ग कार्य लगभग ४ लाखमा मात्रै तत्कालिन अवस्थामा उधारो भुक्तानीमा सम्पन्न गराएको बताउदै गँगा सागर तथा धनुष सागरमा जडान गरिएको बिजुली बत्ति मर्मतको लागि पेश भई आएको ५ लाखको ईष्टिमेट अनुसारको काम मात्र तिन हजार पाँच सय मात्रमा सम्पन्न गराउनुलाई अपराधी भनिन्छ भने आफु अपराधी रहेको बताए । करिब ११ करोड ७४ लाखको लागतमा जानकी मन्दिरमा जडान गरिएको विधुतिय प्रणाली विभिन्न बाहानामा संचालन हुन नसेको र आफुले पद भार ग्रहण गर्दा विभिन्न पहलवाट नियमित रुपमा उक्त सौन्दर्यात्मक बत्ति बलि रहेको तर उक्त बत्ति संचालन गर्न करिब २ लाख थप खर्चिनु पर्दा पनि परिषदले उक्त कार्यको भुक्तानी नगरेको बताए ।
बृहतर जनकपुर क्षेत्र बिकास परिषदको गाडी प्रयोग सम्वन्धमा आफुमाथि व्यक्तिगत व्यवसायीक प्रयोजनमा प्रयोग गर्ने गरेको समाचार हास्यास्पद रहेको बताए ।परिषदको गाडी प्रयोग गरेको दिन र उदेश्यको बारेमा प्रत्येक दिनको लगवुक मेन्टेन गरिएको बताउदै जसले पनि जुन सुकै बेला उक्त लगवुक छानविन गर्दा थाहा हुने बताए । साहले आ.व. २०७९।०८० को १ करोड ९६ लाख मध्ये केही खर्चको भुक्तानी सम्वन्धमा लगाईएको आरोपको सम्वन्धमा नियम विपरीत भुक्तानीको लागी मैले आर्थिक प्रशासन शाखा, स्टोर शाखा लगायतलाई दवाव दिने गरेको आरोप नितान्त भ्रामक रहेको र यसलाई प्रमाणित गर्न चुनौती दिन चाहेको बताए ।
उनले भने,'आफुमाथि परिषदको इमेल आई.डी. र पासवर्ड प्रयोगे प्रयोग गरेको सवालमा आरोप सहि छ । मैले आफ्नो नियन्त्रणमा आई.डि. लिनु पुर्व इमेलमा आएको अति गोप्य पत्रहरु समेत मिडियामा सार्वजनिक गरिएको, अति जरुरी पत्रहरु समेत वोर्डलाई समेत जानकारी नदिने गरेको हुँदा मैले आफ्नो नियन्त्रणमा लिएको हो ।' कार्यालयको गोपनियता कायम राख्न सक्नु अध्यक्षको पदिय जिम्मेवारी समेत रहेकोले प्रशासनिक जिम्मेवारी वहन नगर्ने, सुचना मिडियामा ल्याउने जस्ता कार्यहरुलाई निरुत्साहित गर्न मैले परिषदको ईमेल आई.डी र पासवर्ड आफ्नो नियन्त्रणमा लिएको उनले बताए ।
यात्री निवासमो आफ्नो मान्छेलाई वास, खाना तथा अन्य प्रयोजनार्थ खर्च भएको रकम यात्री निवासको विल अनुसारको भुक्तानी गर्न दवाव दिदै आएको आरोपलाई खण्डन गर्दै उनले यात्री निवासमा कुनै आफ्नो मान्छेलाई नराखेको बताए । बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको कामको शिलशिलामा तालुक मन्त्रालय, सम्वन्धित अन्य निकायहरुवाट नियमित रुपमा हुने गरेको मिटिगँ, वैठक, वास तथा खानामा भएको खर्च रहेको र यसलाई झुठो सावीत गर्न उनले चुनौती समेत दिए । नियम विपरित रु. २ लाख आफ्नो काठमाण्डौ स्थित निजी निवासमा प्रयोग गरेको आरोत तथ्यहिन रहेको बताउदै २०६० साल देखि नै काठमाण्डौमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको सम्पर्क कार्यालय रही आएको र परिषदको कार्यकारी समितिको मिति २०७९ श्रावण २६ गतेको निर्णय बमोजिम काठमाण्डौमा सम्पर्क कार्यालय स्थापना गरी कार्य सञ्चाल गर्न मार्ग प्रसस्त गरेको हुँदा सोही सम्पर्क कार्यालयको घर भाडा, फर्निचर तथा कार्यालय सञ्चालन प्रयोजनार्थ उपरोक्त बमोजिमको खर्च परिषदकै कर्मचारी मार्फत भएको बताए ।
अध्यक्षले गत आ.व. २०७९।०८० को विवाह पञ्चमीमा नियम विपरीत संचालक परिषदवाट आन्तरिक कोषको बजेट बाडफाड विना नै व्यक्तिगत लाभको लागि कार्य गरी गराई २०÷२५ लाख नियम बिपरीत भुक्तानी लिएको आरोपमा कुनै सत्यता नरहेको स्पष्ट गर्दै उनले विगतमा विवाह पञ्चमीको नाममा २५ लाख देखी ८० लाख सम्म खर्च हुने गरेकोमा आ.व. २०७९।०८० को विवाह पञ्चमीको अवसरमा परिषद वोर्ड कै निर्णय बमोजिम बारह विगहाको ग्रेडिगँ कार्य, सरसफाई, प्रचारप्रसार, साधुसन्तको खाना खाजा, पानी, शौचालय लगायतका मेला व्यवस्थापन कार्यमा करीव रु. ११ लाख खर्च भएकोले वोर्डवाट खर्च रकम अनुमोदन समेत भई सोही बमोजिम नियमानुसार परिषद कार्यालयले भुक्तानी भएको जानकारि दिए ।
यात्री निवास ठेक्का प्रकरणमा आफनो कुनै संलग्नता नरहेको बताउदै अध्यक्ष साहले ठेक्का प्रकरणमा परिषदको प्रशासन शाखा प्रमुख जितेन्द्र कुमार यादव स्वयं साक्षी रहेको बताए । उनले भने, 'यात्री निवास ठेक्काको लागि परिषदवाट निकालिएको मिति २०७७।११।१२ को सुचना अनुसार जनकपुर यात्री निवास परिसर भित्र रहेका चार वटा स्वीट रुम सहित अट्याच शौचालय पुर्ण वाताणुकुलित तथा आधुनिक फर्निसिँग भएको यात्रुहरुको सुविधाका लागि जम्मा २० कोठाहरु, किचेन, डायनिगँ, अफिस कोठा, वाल्कोनी सहितको अति आधुनिक सुविधा युक्त दुई तल्ले पक्की भवन तथा स्मार्ट लाईटिगँ, आधुनिक फर्निसिगँ सहितको पार्टी प्यालेसका रुपमा पुर्ण सुविधायुक्त विवाह मण्डप लगायत सवारी पार्किगँ र आकर्षक बगैचा सहितको सम्पुर्ण यात्री निवास परिसर यात्रुहरुलाई सुलभ र सुविधायुक्त वास तथा विवाह आदि कार्यका लागि विवाह मण्डप समेत उपलब्ध गराउने भनिएको छ ।' तर दुई पक्षिय करारनामाको वुँदा नं. २ मा बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको मातहतमा रहेको जनकपुर यात्री निवास र सो परिसरमा रहेको भवन र दक्षिण पुर्व दिशामा रहेको साढे दुई तल्लाको रातो घर र वुँदा नं. ३ मा सुचना मै नरहेको पसलकवल समेत दिने गरी परिषदका प्रशासन शाखा प्रमुख जितेन्द्र कुमार यादव समेत साक्षी राखी गरिएको परिषद र द पिक होस्पिटालिटी बिचको २०७८ बैशाख १० को सम्झौता आफैमा नियम विपरीत र शंकास्पद रहेको प्रशस्त आधारहरु रहेको उनले बताए ।




# इजराइलमा मारिएका साहको शव पहिचान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अन्तर्राष्ट्रिय आतंकवादी समूह हमासको आक्रमणमा दक्षिणी इजरायलमा मारिएका धनुषाका आनन्द साहसहित दुई नेपालीको शव पहिचान भएको छ ।
लक्ष्मीनिया गाउँपालिका–६ सपहीका आनन्द साह र मधुवन–१ सुनसरीका राजेशकुमार स्वर्णकारको शव पहिचान भएको हो । दुवौको शव पहिचान हुन हुन बाँकी थियो । दुवैको शव पहिचान भएको तेल अबिबस्थित नेपाली दूताबासले जनाएको छ । सोमबार साँझ दूताबासले जारी गर्दे आवश्यक प्रक्रिया पूरा गरी पहिचान भएका सबै शव यथाशीघ्र स्वदेश पठाउने व्यवस्था मिलाइँदै जनाएको छ । दक्षिणी इजरायलमा ७ अक्टोबरमा भएको आक्रमणमा परी १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो ।

# मधेशको बालबालिकाको समग्र अवस्था सुधारोन्मुख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा बालबालिकोको समग्र अवस्था सुधारोन्मुख तर्फ अग्रसर हुदै गएको एक कार्यक्रममा दावी गरिएको छ ।
सेभ द चिल्ड्रेनले मधेश प्रदेशका २१ वटा पालिकामा स्थानिय गरैसरकारी संस्थाहरुको सहकार्यमा काम गरेर तयार पारिएको रिपोर्टमा सो दावी गरिएको हो ।
सेभ द चिल्ड्रेन मधेश प्रदेशको फिल्ड कार्यालय बर्दिबासले मंगलबार जनकपुरधाममा आयोजना गरेको संचार साझेदारी बैठक कार्यक्रममा मधेश प्रदेशको मानव सूचकाङ्कको द्दष्टिकोणले कमजोर रहेको सप्तरी जिल्लाका ६, महोत्तरीको ७, सर्लाहीको ४, बाराको ३ र धनुषाको १ वटा पालिकामा काम गरिरहेको जानकारी दिइएको छ । सेभ द चिल्ड्रेनको कार्यक्रम बालबालिकाको बाँच्न पाउने अधिकार, पढ्न पाउने अधिकार तथा बालबालिकाको संरक्षणको अधिकारमा केन्द्रित भएर काम गरिरहेको फिल्ड कार्यालयका प्रमुख धन भुसालले जानकारी दिएका छन् ।

# लाखौँको अवैध सामान बरामद



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
सशस्त्र प्रहरीले धनुषामा १७ लाखभन्दा बढीको अवैध सामान बरामद गरेको छ । धनुषाको मिथिला नगरपालिकास्थित बडहरी सुरक्षा वेश क्याम्पबाट खटेको टोलीले १७ लाख ३० हजार मूल्य बराबरको अवैध सामान बरामद गरेको हो ।
सशस्त्र प्रहरीको टोलीले १४,८०,००० मूल्य बराबरको २हजार ९सय ६० पिस मोबाईलको डिस्प्ले र २ लाख ५० हजार मूल्य बराबरको ३सय ३३ पिस कुर्ता सुरुवाल बरामद गरेको हो । बरामद गरिएका सामान आवश्यक कारवाहीकालागी राजश्व भन्सार कार्यालय जनकपुरधाममा बुझाइएको सशस्त्र प्रहरी धनुषाले जनाएको छ ।

# भन्सार छलीका सामान बरामद

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले लाखौ मुल्य बराबरका अवैध भन्सार चोरी निकासीका समान बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले विभिन्न किसीमको किराना सामाग्रि ,ईलेक्ट्रोनिकका सामान,मोटर साईकल.थान –१ समेत गरी अं. मुल्य रु.४,१३,७८५।– (चार लाख तेह्र हजार सात सय पचासि ) बरावरका सामानहरु बरामद गरेको छ । बरामद गरिएको समानहरु जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याइए मंगलबार आवश्यक कारवाहीका लागि भन्सार कार्यालय जनकपुरधामलाई बुझाइएको धनुषा प्रहरीले जनाएको छ ।



# जनकपुरधामको विकासमा परिषद्ले अकल्पनीय परिवर्तन गर्दैछः साह

**वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को नेतृत्व तपाईंले सम्हालेको कति भयो ?**

१५ महिनाजति भयो । २०७९ असार १६ गते मैले पदभार सम्हालेको थिएँ ।

**परिषद्मा तपाईं आइसकेपछि पहिलेको भन्दा के फरक हुँदैछ ?**

सबभन्दा पहिले त म बेरोजगार भएर काम खोज्दै यहाँ आएको होइन भनेर बुझ्न आग्रह गर्दछु । वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले यस भेगको धार्मिक, सांस्कृतिक तथा पर्यटन प्रवद्र्धनमा धेरै काम गर्नसक्ने सम्भावना छ । मैले मेरो कार्यकाल अवधिमा सकेजति राम्रा काम गर्ने स्पष्ट योजनासाथ काम सुरु गरेको छु । मैले कार्यभार सम्हालेपछिको पहिलो कार्यकारी समितिको बैठक साउन २६ गते बसेको थियो । बैठकमा ओ एण्ड एम (परिषद्को संरचना तथा दरबन्दी व्यवस्थापन सर्वेक्षण समिति) गठन गरेँ । र, पुराना ऐन, नियमलाई समयसापेक्ष परिमार्जनलगायत प्रभावकारी नीतिगत काममा अघि बढिरहेका छौँ ।

**अहिलेसम्म के के काम गर्न भ्याउनुभयो त ?**

एक वर्षमा चारवटा परिषद्को कार्यकारी समिति बैठक बस्यौँ । चारपटक सर्वदलीय बैठक बस्यौँ र नियमितरुपमा कर्मचारीहरुसँग समन्वय बैठक बसी परिषद्को साख उचाल्नका लागि अहोरात्र पहल गरिरहेको छु । त्यसैगरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पाँच वर्षअघि जनकपुरमै आएको बेला घोषणा गरेको एक अर्ब भारतीय रुपैयाँको परियोजना प्रस्ताव पेश गरेका छौँ । वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को २० वर्षीय रणनीति योजना बनाउँदैछौँ । यसका लागि टिओआर तयार भइसकेको छ भने विस्तृत कार्य पनि भइरहेको अवस्था छ ।

**नीतिगत कामबाहेक अरु के के गर्नुभयो ?**

विगत आठ वर्षदेखि बल्न नसकेको बाह्रबिघा मैदान, गंगासागरको डिल, जानकी मन्दिरलगायत क्षेत्रमा जडान भएर पनि बल्न नसकेको बत्ती बाल्यौँ । बाह्रबिघा मैदानमा बत्ती बाल्न २० लाख रुपैयाँको लागत अनुमान गरिएकोमा म आएपछि एक लाख ९२ हजारमै मर्मतगरी बाल्ने काम भयो । गंगासागरको पाँच लाख रुपैयाँ खर्च हुने लागत अनुमान पहिले भएकोमा म आएपछि जम्मा तीन हजार पाँच सय रुपैयाँ खर्चेर बत्ती बाल्ने काम भएको छ । जानकी मन्दिरमा ज्याला खर्च मात्रै १५ लाख रुपैयाँ लागत अनुमान गरिएको थियो जुन एक रुपैयाँ पनि खर्च नगरी बाल्ने काम मेरो पहलमा भएको छ । यो कार्यका लागि स्थानीय बजारबाटै प्रयोग भएको विद्युतीय सामग्रीको करिब डेढ लाख रुपैयाँ अहिलेसम्म भुक्तानीसमेत हुनसकेको छैन ।



शितल साह : अध्यक्ष, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

**यसरी काम गर्दा कतिको सहज छ त ?**

परिषद्मा पुरानो मनोवृत्ति भएका केही कर्मचारीको प्रवृत्तिले निष्पक्ष भावले काम गर्न कठिनाइ भइरहेको छ । तर, मेरो कार्यकालमा यी कुरालाई सुधार गरेरै अघि बढ्नुको विकल्प छैन । जनकपुरधामको धार्मिक, सांस्कृतिक र पर्यटकीय नगरीको रुपमा विकास गर्न परिषद्को प्रमुख भूमिका छ, यसलाई चरितार्थ गर्न मैले अग्रसरता लिएको छु । हामीले गरिरहेको कामको उपलब्धी केही समयमै देखिनेछ । टिमको प्रतिकुल प्रभावको बीच पनि नीतिगत तथा भौतिक सुधारका कामहरु निरन्तर अगाडि बढ्न थालेपछि विकासविरोधी तत्वले विभिन्न बहाना गरी अवरोध त गरिरहेका छन् । तर, यो स्वाभाविक हो । उनीहरुको अवरोधले मात्र म पछि हट्ने होइन ।

**कर्मचारीबाटै अवरोध भन्नुभयो । कस्तो अवरोध भइरहेको छ ?**

म जनकपुरधामकै बासिन्दा हो । सञ्चारकर्मीको रुपमा पनि मैले काम गरेको हुँदा यहाँको वस्तुस्थिति मलाई राम्ररी अवगत छ । परिषद्को अध्यक्षको रुपमा आइसकेपछि कम खर्चमा बढी उपलब्धी हुनेगरी काम गर्ने मेरो मानसिकता थियो । सोही अनुरुप अघि बढ्न खोजेपछि पहिलेदेखि हरेक काममा कमिसन खाने र खर्चै नहुने काममा समेत फर्जी बील, भर्पाइ बनाएर भ्रष्टाचार गर्ने प्रवृत्ति भएका केही कर्मचारीलाई मेरो काम गर्ने शैली मन पर्ने कुरै भएन । मैले विगतमा जे जस्तो भए पनि मेरो कार्यकालमा राम्रो गर्न सहयोग गर्नुस् भन्दा अटेर गर्ने र अनेक बहानामा अप्ठ्यारो सिर्जना गर्ने हर्कत भइरहेको छ ।

केही उदाहरणको रुपमा मैले भन्नैपर्ने हुन्छ । म अध्यक्ष भएर आएपछि परिषद्को स्वामित्वमा रहेको एक थान ट्र्याक्टर थन्केर बसेको थियो भने सो ट्र्याक्टर चलाउन भनेर नियुक्त भएका चालक कामबिहीन थिए । मैले ट्र्याक्टरलाई मर्मत गरी सफाइ कार्यमा परिचालन गर्ने कुरा गर्दा ट्र्याक्टर मर्मतका लागि दुई लाख रुपैयाँ खर्च हुने लागत अनुमान पेश गरियो । स्थानीय स्तरबाट पहल गरी ४५ हजारमै मर्मत गराइदिएपछि कमिसन आउने कुरो भएन र त्यसैलाई अनेक बहाना गरी भुक्तानी गर्न आलटाल भयो । मैले जुन उद्धेश्यले ट्र्याक्टर मर्मत गराएको थिएँ । त्यसरी अहिलेसम्म सफाइको काम सुरु हुनसकेको छैन । भनेपछि म अध्यक्षले चाहेर पनि राम्रो गर्न सास्ती झेल्नु परिरहेको छ ।

**अबको योजना के छ त ?**

परिषद्को आन्तरिक सुधार नगरी बाहिर काम गर्न सकिँदैन । त्यसैले म पहिला परिषद्भित्रकै सुधार गर्नुपर्छ भन्ने मनस्थितिमा छु । यसका लागि योजना बनाएर अघि बढिरहेका छौँ । विगतमा परिषद्सँग जोडेर मप्रति विभिन्न भ्रमहरु फैलाइएको छ । वास्तवमा म स्थानीय बासिन्दा हुँ । र, सञ्चारकर्मीको हैसियतले विगतमा सार्वजनिक निकायहरुमा भइरहेको गलत कार्यहरुको विरोध गर्ने काममा म पहिले पनि अग्रसर हुन्थेँ । यी र यस्ता विषयले पनि मसँग असन्तुष्ट पक्षले यतिबेला मेरो नेतृत्वमा भइरहेको प्रगति कार्य पचाउन नसकिरहेको देखिन्छ ।

माता जानकीको यो पवित्र भूमिमा मैले धेरै काम गर्नुपर्ने बाँकी छ । यतिबेला सरकारले मलाई सुम्पेको जिम्मेवारी दृढतापूर्वक बहन गर्दै जनकपुरधामबासीको हितमा इमान्दारीपूर्वक काम गरी यस भेगको समग्र विकासमा योगदान गर्नुपर्ने मेरो दायित्व हो । खासगरी धार्मिक तथा सांस्कृतिब क्षेत्रको विकास गर्ने परिषद्को जिम्मेवारी छ । यी जिम्मेवारीलाई मूर्तरुप दिने अभियानमा सबैको साथ र सहयोगको अपेक्षा गर्दछु । यसै सिलसिलामा मैले पत्रकार सम्मेलनमा पनि केही कुराहरु भनेको छु । तर, धेरै बोलेर समय बर्बाद गर्नुभन्दा काम गर्नतिर म केन्द्रित भइरहेको छु । अहिले धेरै प्रचार गर्नुभन्दा निकट भविष्यमा मैले गरेको प्रगति जनकपुरधामबासीको बीचमा प्रस्तुत गर्नेछु ।

*प्रस्तुतिः सुरेश यादव*




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन